अध्याय : पहिलो

शोधपत्रको परिचय

१.१ विषय परिचय :

जुनसुकै भाषामा पनि बहुसंख्यक जनसाधारणले बोल्ने बोलीचालीको भाषामा निर्माण भएको साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्यका विविध विधामध्ये एक महत्वपूर्ण विधाको रूपमा परिचित साहित्य उखान हो । उखान जनसाधरणले दैनिक रूपमा भोग्दै जाने जीवनप्रकृति अन्तर्गत प्राप्त मानसिक बोधबाट सिर्जना भई युगौयुगको अनुभवद्वारा खारिदैं र परिमार्जित हुँदै परिपुष्ट बन्न गएको सारगर्भित उक्ति हो । संस्कृतको उपाख्यानबाट जन्मिएको नेपाली उखान शब्द हो । वर्तमान उपाख्यान र उखानमा अर्थ भेद भइसकेको छ । उपाख्यान एक किसिमको कथा हो भने उखान चाहिँ एउटा न एउटा लोक अनुभवलाई बोल्ने तथा लोकविश्वासलाई सूत्रबद्ध रूपमा पोख्ने खिरिलो उद्‌गार हो ।

लोकजीवनका विभिन्न क्षेत्रमा आइपर्ने व्यहारहरू जस्तो सामाजिक रीतिरिवाज व्यावसायिक क्रियाकलाप, धार्मिक विश्वास राजनीतिक र आर्थिक नीति, बानी-व्यहोरा, चलन शिक्षा आदिको अनुभवबाट प्राप्त भएको तथ्य कुरालाई सङ्क्षेपमा लिएर सूत्रबद्ध भई व्यङ्यार्थको रूपमा उखानहरू जन्मने गर्छन् । लोकव्यवहारमा अरुको समर्थन पाउनका लागि सूत्रका रूपमा र दृष्टान्तमूलक भएको कारण कुनै कुराको उदाहरण दिनको निमित्त सारगर्भित रूपमा प्रयोग हुने गर्दछन् ।

समयमा लोकले कामकार्यको अवस्थामा आइपर्ने परिस्थितिबाट पाएको अनुभवको आधारमा निर्माण भएका चुट्किला उद्‌गार र उक्तिहरूलाई नै उखान भन्दछन् । जसले थोरै शब्दमा नै सहज एवं सशंक्त तरिकाबाट मानिसको हृदयमा मार्मिक अनुभूति पैदा गर्छ । उखान जीवनको महत्वपूर्ण उपलब्धि हो समाजका विविध क्षेत्रबाट प्राप्त तथ्य अनुभवलाई सारगर्भित र सुत्रबद्ध रूपमा व्यक्त गरिएको समाजको अमूल्य सम्पत्ति हो ।

१.२ अध्ययन समस्या :

लोक साहित्यको एउटा महत्वपूर्ण विधा उखान हो । यसले समाजको छरितो रूपमा चित्रण गर्छ । नेपाली भाषासँगै प्रयोजनमा आएको उखानले भाषामा स्वतन्त्र र गरिमामय

स्थान ओगड्दै आएको छ । मानिसले आफ्नै परिवेशमा तथा अवसर अनुसार विभिन्न रूपमा उखानको प्रयोग गर्दै आएको छ ।

धादिङ जिल्लमा लोकसाहित्यको क्षेत्रमा निकै समृद्ध रहेको छ । राष्ट्रिय रूपमा लोक साहित्यको अध्ययन क्षेत्रमा विद्वत वर्गबाट जति अध्ययन भएको छ । त्यसको तुलनामा धादिङमा त्यति अध्ययन हुन सकेको छैन । तथापी उखानको क्षेत्रमा केही पूर्व अनुसन्धान भने नभएको होइन । अध्ययन अनुसन्धान कार्य भएता पनि क्षेत्रीय रूपमा मात्र हुनाले सिङ्गो जिल्लको वास्तविक पक्ष अध्ययन हुन नसक्नु नै प्रमुख समस्या हो । त्यसैले धादिङको सिङ्गो भूभाग नभएर विशेषत : मध्यभागमा पर्ने नीलकण्ठ गा.वि.स. तथा मुरलीभञ्ज्याङ गा.वि.स. को वासिन्दामा के कस्तो उखान प्रयोजनमा छन् । त्यसको अध्ययन कार्य हुन सकेको छैन । यस स्थितिमा प्रस्तुत अध्ययनका निम्नलिखितछ समस्याहरू रहेको छन् :-

क) धादिङ जिल्लाको नीलकण्ठ र मुरलीभञ्ज्याङ गा.वि.स.मा के कस्ता उखानहरू प्रचलनमा छन् ?

ख) संकलित उखानमा के कस्तो संस्कृति र समाजको चित्रण गरिएको छ ।

१.३ अध्ययन उद्देश्य :

धादिङ जिल्लामा उखान लोकजीवनको दैनिक व्यवहारको गर्विलो बनेर प्रयोगमा आउने गरेको छ । ती उखानहरूको पूर्ण रूपमा अझ अध्ययन हुन नसकेको परिप्रेक्षमा प्रस्तुत अध्ययनको उद्देश्य निम्न रहेका छन् :

क) धादिङ जिल्लाको नीलकण्ठ र मुरलीभञ्ज्याङ गा.वि.स.मा प्रचलित उखानहरू संकलन गर्ने ।

ख) संकलित उखानमा प्रतिविम्बित समाज र संस्कृतिको विश्लेषण गर्ने ।

१.४ पूर्वकार्यको समिक्षा :

वर्तमान परिवेशमा आइपुग्दा राष्ट्रिय रूपमा नै नेपाली उखानको अध्ययन विभिन्न क्षेत्रबाट भएको पाइन्छ । धादिङ जिल्लालाई नै केन्द्रविन्दु बनाएर उखानको अध्ययन गर्ने प्रयास खासै उच्चस्तरमा भएको भने पाइदैन । उखानको संकलन र अध्ययन गर्ने सन्दर्भमा विभिन्न संकलनकर्ता लेखक, तथा अन्वेषकहरूले समग्र रूपमा गरेको पूर्वकार्यको समिक्षा गर्ने प्रयायसमा गरिएको छ । पूर्वकार्यको समिक्षा स्वरूप केही पूर्वकार्य अध्ययन तल प्रस्तुत गरिएको छ ।

क) डा. चुडामणि बन्धुले नेपाली लोकसाहित्य नामक पुस्तक प्रकाशन गरेर त्यसमा उखानको पनि जानकारी गराएका छन् । उनको उक्त पुस्तक सिङ्गो लोकसाहित्यको नै अध्ययन अनुसन्धानको लागि गहन कृति हो । लोक साहित्यको ज्ञान हासिल गर्न चाहने जुनसुकै विधाका अध्ययनार्थीलाई ज्यादै उपयोगी ग्रन्थ रहेको छ । नेपाली लोकसाहित्य को महत्वपूर्ण क्षेत्र उखानको पनि उनले राष्ट्रिय सन्दर्भमा भएर परिचय गराएका छन् । राष्ट्रिय अन्तराष्ट्रिय विद्वान तथा साहित्यको दृष्टिकोणलाई समेटेर व्यक्तिका निजी विचार तथा परिभाषालाई उखानको परिभाषामा समेटिएको छ । उखानको नाम कसरी कुन भाषामा प्रचलित भयो र नेपाली भाषामा लोकोक्ति वा उखान भनेर प्रचलनमा आयो त्यसको ऐतिहासिक पृष्ठभूमि दिएका छन् । उखानको विशेषता, उत्पत्तिक्रम एवम् उखानको तत्व, उखानको अध्ययन परम्परा, वर्गीकरण, घटना सन्दर्भ, कथ्य विषय आदिको पनि विभिन्न उदाहरण स्वरुप देखाएका छन् । बोली वचन र व्यवहारमा फरक फरक रूपमा प्रयोग हुने उखान चिनारी गराइएको लो साहित्य भित्र क्षेत्रीय रूपमा प्रयोग हुने उखानको सङ्कलन भने गरिएको छैन । धादिङमा प्रचलनमा रहेको उखानको पनि खासै चर्चा भने भएको छैन ।

ख) धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकसाहित्यको विवेचना (२०४१) नामक पुस्तकमा उखानको प्रचलन, विकास र विशेषताका बारेमा चर्चा गरेका छन् । यस पुस्तक भित्र लोकसहित्यकै समग्र चिनारी र झलक छ । त्यस अन्तर्गत उखानको जानकारी गराएपनि धादिङको उखानसँग भने सम्बन्ध नरहेको पाइन्छ । लोक साहित्यका महान् हस्तीहरूबाट आएको उक्त पुस्तकले क्षेत्रीय वा स्थानीय अवस्थालाई विश्लेषण गरेर राष्ट्रिय स्तरमा पुगेकै कारण पनि केवल उखानको झलक मात्र पाइन्छ । क्षेत्रगत रूपमा प्रयोग भएका उखानहरू सङ्कलन र विश्लेषण हुन सकेको छैन ।

ग) कृष्णप्रसाद पराजुलीको "नेपाली उखान र गाउँखाने कथा" (२०५४) पुस्तकमा नेपाली उखानको चर्चा गरेका छन् । लोक साहित्यको उन्नयनकर्ता पराजुलीको आफ्नो पुस्तकमा उखानको स्पष्ट रुपरेखा देखाएका छन् । त्यही आधारलाई सहयोग लिएर पछिल्ला स्रष्टा तथा अनुसन्धानकर्ताले उखानको थप अध्ययन गर्न सक्छ । उनको पुस्तकमा पनि उखानहरू सङ्कलित भएपनि धादिङको माटोसम्म पुग्न भने सकेको पाइदैन । उनले विभिन्न क्षेत्रबाट लिएका उखाहरू राष्ट्रिय प्रचलनका उच्चस्तरका उखानहरू नै रहेका छन् ।

घ) शिवप्रसाद पौड्यालको “नेपाली उखानको विषयात्मक अध्ययन” (२०६०) पुस्तक प्रकाशन भएको छ । नेपाली उखान रचना सन्दर्भमा महान् विशेषज्ञ नै ठानिने पौड्याले आफ्नो पुस्तकमा उखानको ब्यापक पृष्ठभूमि प्रस्तुत गरेका छन् । उखानको परिचयदेखि लिएर समाज सन्दर्भ, उखानको महत्व, विभिन्न क्षेत्र र भाषाबाट उखान रचना भएको प्रसङ्ग उखानको अध्ययन इतिहास घटनाक्रम, उखानको कथ्य विषय आदि सबै उक्त पुस्तकमा पाइन्छ । धनी, गरिब, शोषकीय प्रवृत्ति, पेशा, व्यवसाय उखानमा स्थानीयता पनि पाउन सकिन्छ । समानान्तर भाषिकाबाट आएका उखानहरू, उखानका भेदाहरू र उखानले कुन कुन रूपमा लोकमानसलाई प्रतिविम्बित गरेको छ त्यो सबै नेपाली उखानको विषयात्मक अध्ययन भित्र पाइन्छ । यो पनि राष्ट्रलाई हेरेर उच्चस्तरमा तयार पारिएको पुस्तक हुनाले स्थानीयतालाई समेट्ने प्रयास गरिए पनि तल्लो तहसम्म भने पुग्न सकेको छैन । जसले गर्दा धादिङका उखानहरू यसमा परेका छैनन् ।

ङ) पुस्कर शमसेरको “नेपाली उखान टुक्का कोश” (२०५०) पुस्तकमा साझा प्रकाशन मार्फत् आएको छ । तर उक्त पुस्तकमा नेपाली जनजीवनमा प्रचलित करिब एघार सय उखानहरू सङ्कलन गरिएका छन् । ती उखानमा भएका उखानहरू राष्ट्रिय सन्दर्भमा प्रयोग हुने उखानहरू नै रहेका छन् । जुन सग्रङ्ह भित्र धादिङ जिल्लामा प्रयोग हुने स्थानीय तहका उखानहरू पर्न सकेको छैन ।

च) डा. मोतिलाल पराजुली र जीवेन्द्रदेव गिरिको नेपाल लोकसाहित्यको रूप रेखा (२०६८) पुस्तक प्रकाशन भएको छ । भित्रुवन विश्वविद्यालय तहमा अध्ययन अध्यापन उद्देश्यले तयार पारिएको त्यस पुस्तकमा लोकसाहित्यका विविध विधाको चिनारी गर्ने क्रममा उखानको पनि परिचय दिइएको छ । उखानको परिभाषा वर्गीकरण, तत्व दिएर उखानको छोटो चर्चा परिचर्चा गरिएको छ । जुन कृतिमा क्षेत्रीय उखान स्वरुप धादिङको उखानको भने चर्चा हुन सेको छैन ।

छ) रामचन्द्र ढुङ्गानाले उखानको बखानमा उखानको वर्णानात्मक स्वरुप देखाएपनि त्यसमा धादिङको उखानको सन्दर्भ जोडिएको छैन ।

झ) त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्र तयार पार्ने क्रममा लोकनाथ अधिकारीले गोरखा जिल्लामा प्रचलित उखान, शिवप्रसाद पौड्यालले लुम्बिनी

क्षेत्रको उत्पादन लगायत मधुलाल रेग्मी, गोकुलराज जोशी आदिले आ-आफ्नो क्षेत्रको उखानको अध्ययन गरेका छन् तर कृतिहरूमा धादिङको उखान भने परेको छैन ।

माथिका सबै कार्यहरू नेपाली लोकसाहित्य र उखानको क्षेत्रमा भएका सत्प्रयास हुन् । जसले नेपाली लोकसाहित्यमा जिज्ञासा राख्नेहरूलाई मार्गनिर्देशन गरेका छन् । यसले शोधार्थीलाई पनि सकारात्मक सहयोग पुऱ्याएको छ ।

अतः उपर्युक्त नेपाली उखानहरूका बारेमा गरिएका पूर्वकार्यलाई पूर्वाधार मानी धादिङ जिल्लामा प्रचलित नेपाली उखानहरूको संकलन गर्ने प्रयास यहाँ गरिएको छ ।

१.५ अध्ययनको महत्व वा औचित्य :

अध्ययन अनुसन्धानबाट जुन निष्कर्ष प्राप्त हुन्छ त्यो भावी दिनका लागि उपयोगी तथा औचित्यपूर्ण हुनुपर्छ । लोकसाहित्यमा गरिएको खोज अनुसन्धानले समाजको रीतिस्थिति, लोकविश्वास रुढिवादी परम्परा, सामाजिक आर्थिक अवस्था आदिको चित्रण गरेर व्यक्तिमा कुनै न कुनै प्रभाव पार्दछ । जतिपनि अलिखित रूपमा मौखिक अभिाव्यक्तिमा सीमित रहेका उखानहरू छन् ती उखानहरूको संकलन गरेर वर्गीकरण विश्लेषण गर्दै लिपिबद्ध गर्नु महत्वपूर्ण कुरा हो । धादिङ जिल्लामा अहिलेसम्म जुन क्षेत्रमा उखानको अध्ययन हुन सकेको छैन त्यसको अध्ययन र खोजबाट अध्ययनामा यसले फाइदा नै पुऱ्याउँछ भन्न सकिन्छ । धादिङमा मध्यक्षेत्रमा रहेका उखानहरू संकलन गरेर ठोस निष्कर्षमा यस अध्ययनले दिन सक्नेछ । यस कार्यले उखानमा अध्ययन अभिरुची जगाउनुका साथै लोकसाहित्य अनुरागीहरू सबैलाई अध्ययनको सामग्री प्रदान गर्नेछ । नेपाली उखानको अध्ययनमा थप योगदान पुऱ्याउने हुनाले पनि यसको महत्व औचित्य पूर्ण देखिन्छ ।

१.६ अध्ययनको सिमा

नेपाली उखान नेपाली लोकजीवनको प्राचिन सम्पदा हो । नेपाली लोकसाहित्य अन्तर्गत उखानको क्षेत्र व्यापक छ । क्षेत्रीय रूपमा यसले व्यापक स्थान आगेटेको भएपनि प्रस्तुत अध्ययनको मुख्य लक्ष्य नै धादिङ जिल्ला भित्रको दुई गा.वि.स. को उखानको संकलन र विश्लेषण गर्नु भएकोले यी गा.वि.स.को जनजीवनमा नै जति उखान पाउन सकिन्छ । त्यसको खोज अनुसन्धान यस अध्ययनमा गरिनेछ । उखानको विधागत जानकारी तथा उखानको

सिद्धान्त एवं आवश्यक अंगको जानकारी यसमा गरिनेछ । त्यसबाहेक अन्य कुनै पनि विधाको जानकारी यसमा गरिनेछैन ।

१.७ अध्ययन विधि :

प्रस्तुत अध्ययन कार्यलाई पूर्णता दिलाउनको लागि विभिन्न किसिमका सैद्धान्तिक एवं प्रायोगिक विधिहरू अवलम्बन गरिएका छन् । विशेषगरी शोध पत्रको आवश्यक सामग्री संकलनका क्रममा क्षेत्रीय अनुसन्धान विधि प्रयोग गरिनेछ । त्यसक्रममा स्थानीय स्तरका विभिन्न साहित्यक पत्रिका, समाजका शिक्षित, अशिक्षित व्यक्तिहरू, वृद्ध, वृद्धा पेशाकर्मी, शिक्षक विद्यार्थीबाट समेत सहयोग लिइएको छ । लोकसाहित्य अन्तर्गत उखानका सार्वभौम मान्यतालाई स्थापित गर्न र सैद्धान्ति कुराको खोज गर्न पुस्तकालयीय विधिको पनि प्रयोग गरिएको छ । प्रत्यक्षरूपमा क्षेत्रीय भ्रमण अवलोकन गरी सैद्धान्तिक र प्रयोगिक पक्षलाई तालमेल गराउने प्रयास गरिएको छ ।

त्यसका अतिरिक्त अन्य स्रोतका आधारमा लोकसाहित्य र उखानका बारेमा लेखिएका विभिन्न पुस्तकहरू तथा पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरूको अध्ययनबाट पनि यस अध्ययनकार्य लेखनका लागि चाहिने सामग्री संकलन गरिएको छ ।

१.८ अध्ययनको रूपरेखा

अध्ययन कार्यको निमित्त लिइएको समस्या र त्यससँग सम्बद्ध विषयहरूलाई दृष्टिगत गरी प्रस्तुत अध्यापन कार्यको रूपरेखालाई विस्तृत रूपमा अध्ययन विभाजन गरिएका छन् । अतः मोटामोटी रूपमा प्रस्तुत शोत्रपत्रको रूपरेखा यस प्रकारको रहेको छ :

क) पहिलो अध्याय - अध्ययनको परिचय

ख) दोस्रो अध्याय - उखानको सैद्धान्तिक परिचय

ग) तेस्रो अध्याय - धादिङ जिल्लामा पचलित उखानको संकलन

घ) चौथो अध्याय - धादिङ जिल्लमा प्रचलित उखानमा समाज र संस्कृति

ङ) पाँचौ अध्याय - उपसंहार सन्दर्भ सामग्री सूची

सन्दर्भ सामग्री सूची

## अध्याय : दोस्रो

## उखानको सैद्धान्तिक परिचय

### २.१ उखानको परिचय र परिभाषा

जुनसकै भाषामा बहुसंख्यक जनसाधारसणले बोल्ने बोलीचालीको भाषामा निर्माण भएको साहित्यलाई लोकसाहित्य भनिन्छ । लोक साहित्यमा लौकिक जीवनका भावना, विचार र इच्छा आकांक्षा व्याप्त भएर बसेको हुन्छ । यस्ता लोकबोलीका साहित्यहरू कतिपय संकलित रूपमा पाइन्छन् । भने कतिपय संकलित रूपमा नपाइने मात्र नभएर यसको सुरुवात कहिलेदेखि भएको हो र यसका स्रोत के के हुन् भन्ने कुरा समेत यकिन साथ भन्न सकिन्न । रचनाकार, रचियताका बारेमा पनि किटानसाथ तोक्न सक्ने अवस्था हुँदैन । लोकसाहितय कुनै एउटा निश्चित कालक्रम र व्यक्ति वा समुदाय विशेषमा सिमित नभएर युगौंदेखि नै धरोहरका रूपमा समाजले प्राप्त गर्दै आइरहेको छ । विभिन्न कालमा घटेका घटनाहरू, जीवनहरूका प्राकृतिक स्वाभाव, लोकको जीवनपद्धति र वातावरण एवं परिस्थितिका स्रोतहरूबाट पाएको अनुभवमा लोकबोली वा साहित्यको रचना हुँदै आएको हुन्छ र यसका माध्यमबाट मनोरञ्जनात्मक सूचनात्मक र उपदेशात्मक सन्देशहरूको प्रचार प्रसार लोकमा व्यापक हुँदै आइरहेको हुन्छ । लोक साहित्यबाट नै कुनै पनि गाउँ, ठाउँ र समाजको रहनसहन, भेषभूषा, खानपान, रीतिरिवाज, सामाजिक र धार्मिक परम्परा, संस्कार, सभ्यता संस्कृतिबारे जानकारी पाउन ठूलो मद्दत पुगिरहेको हुन्छ । यस्ता लोक साहित्य अन्तर्गत लोकगीत, लोककथा, भजन, श्लोक, गाउँखाने कथा, उखान, टुक्का, चुट्किला आदि पर्न जान्छन् ।

संसारमा बोल्ने विभिन्न भाषाहरूमा उखान शब्द बुझाउने छुट्टाछुट्टै नामहरू पाइन्छन् । अङ्ग्रेजीमा प्रोभर्व, नेपाली केन्द्रीय भाषिकामा साइतर, उर्दुमा जबुल मिस्ल, हिन्दीमा लोकोक्ति वा कहावत, संस्कृतमा सुभाहित तथा लोकोक्ति भनिन्छ । त्यसैगरी मालबीमा केवात, भोजपुरमि कहाउत, मैथिलीमा कहवी, लहन्दामा आहाण, मराठीमा आहाण, गढवालीमा पखामन भनिन्छ । राजस्थानीमा ओखाणो, कहवट, गुजरातीमा उखाणु वा कहेवत, बङ्गालमा लोकोक्ति वा प्रवाद पनि भनिन्छ ।

नेपाली शब्द उखान चाहिँ संस्कृतको उपाख्यान शब्दबाट व्युत्पति भई प्राकृतमा उक्खाण हुँदै बन्न गएको हो । उखानलाई लोकोक्ति वा आहान पनि भनिन्छ । संस्कृतको

उपाख्यान शब्दले ठूलो कथा अन्तर्गत स-साना कथालाई बुझाउँदछ भने उखान जनसाधारणले दैनिक रूपमा भोग्दै जाने जीवन पद्धति अन्तर्गत प्राप्त मानसिक बोधबाट सिर्जना भई युगौयुगको अनुभवद्वारा खारिँदै र परिमार्जित हुँदै परिपूर्ण बन्न गएको सारगर्भिक उक्ति हो । नेपाली भाषामा उखान शब्दसंस्कृतको उपाख्यानबाट जन्मिएको हो तापनि उपाख्यान र उखानमामा अर्थभेद भइसकेको उपाख्यानबाट जन्मिएको हो तापनि उपाख्यान र उखानमा अर्थभेद भइसकेको छ । उपाख्यान एक किसिमको कथा हो भने उखानचाहिँ एउटा न एउटा लोक अनुभवलाई बोक्ने तथा लोक विश्वासलाई सूत्रबद्ध रूपमा पोख्ने खिरिलो उद्‌गारको रूपमा प्रचलित छ ।

उखान लोकमानसका चिन्तापरक अभिव्यक्ति मानिन्छ । यिनमा कुनै पनि जाति, वर्ग, लिङ्ग, उमेरका व्यक्तिको मानसिक स्तर, सोचाई, चिन्तन, प्रवृत्ति, निष्ठा, आस्था जस्ता विषय प्रतिबिम्बित भएका हुन्छन् । कुनै पनि राष्ट्रको भू-बनोट, संस्कृति, जाति, भाषा, कला, भेषभुषा, जीवजन्तु, वनस्पति प्रकृति जस्ता कुराहरू पनि उखानमा प्रतिबिम्वित भएका हुन्छन् । यही सन्र्दभमा उखानलाई समाजका प्रतिबिम्बको रूपमा लिइन्छ । उखान मानव समुदायका व्यवहारिक चिन्तन अनुभवबाट खारिएर निस्किएका हुन्छन् । लोकजीवनका विभिन्न क्षेत्रमा आइपर्ने व्यवहारहरू सामाजिक तथा साँस्कृतिक रीतिरिवाज, व्यवसायिक, क्रियाकलाप, धार्मिक विश्वास, राजनीतिक र आर्थिक नीति, बानी व्यहोरा, लवाई खवाई, सम्बन्धी चलन, चाजो, शिक्षा, आदिको अनुभवबाट प्राप्त भएको तथ्य कुरालाई (संक्षेपमा लिएर सूत्रबद्ध रूपमा र दृष्टान्तमूलक भएको कारण कुनै कुराको उदाहरण दिनको निमित्त सारगर्भित रूपमा प्रयोग हुने गर्दछन् ।

माथि भनिएझैँ लोकले कार्याकार्यको अवस्थामा आइपर्ने परिस्थितिबाट पाएको अनुभवको आधारमा निर्माण भएको चुट्किला, उद्‌गार र उक्तिलाई नै उखान भनिन्छ । यसले थोरै शब्दमा नै सहज एवं सशक्त तरिकाबाट मानिसको हृदयमा मार्मिक अनुभूति पैदा गर्छ । उखान जीवनको महत्वपूर्ण उपलब्धि हो । समाजका विविध क्षेत्रबाट प्राप्त तथ्य अनुभवलाई सारगर्भित र सूत्रबद्ध रूपमा व्यक्त गरिएको अमूल्य सम्पति उखान हो ।

संक्षेपमा उखानको परिचयलाई यसरी देखाउन सकिन्छ ।

- उखान लोक जीवनमा प्रचलित अनुभवपूर्ण उक्ति हो ।
- समाजमा प्रचलित लोककथाको सार हो ।

- नैतिकताको उपदेश दिने महावाक्य एवं सारगर्भित भनाइ हो ।
- लोकको अनुभवलाई संक्षेपमा संगालिएको गहकिलो एवं चमत्कारपूर्ण वाक्य हो ।
- ग्रामीण जनताको नीतिशास्त्र हो ।
- साहित्य संसारमा नीतिशास्त्रको प्रमुख अंग हो ।
- भाषालाई सिगार्ने गहना हो ।
- भाषिक अभिव्यिक्तिको सबल र सक्षम माध्यम हो ।
- समाजको वास्तविक चित्र झल्काउने ऐना हो ।
- भाषालाई जीवन्तता दिने सन्जीवनी हो ।
- धर्म, संस्कति र इतिहासको जीवित धरोहर हो ।
- कुराकानीको प्रसङ्गमा आउने सूत्रात्मक एवं दृष्टान्तमूलक अभिव्यक्ति हो ।
- व्यवहारिक ज्ञानबाट खारिएर निस्किएको सारगर्भित नीति सूत्र हो ।
- अनुभवको सार हो ।

उखानको बारेमा विभिन्न विद्धानहरूको परिभाषा यसप्रकार रहेको छ : -

- तत्व ज्ञान खण्डहरूबाट चुनेर निकालिएको टुक्रा अनि जगाइएको अंश उखान हो । अरस्तु[1]
- उखानहरू झूटो बोल्दैनन् । रसियन
- उखानहरू लामा अनुभवबाट निस्किएका छोटा वाक्य हुन् । सर्भान्तिस
- उखान व्यवहारिक जीवनमा मार्गदर्शक उक्ति हो । फिस्ते
- उखानहरूभाषाका समास शैलीमा निर्मित मनमा गढन्ते किसिमका सूत्र वाक्य हुन् । जसको उद्देश्य मानवको निरिक्षण एवं अनुभवजन्य व्यहारिक ज्ञान तथा परम्परागत आस्थाहरू कुशलतापूर्वक प्रवाहन हो । ताराकान्त मिश्र[2]
- उखान कुनै पनि जातिका भाषिक समुदायको सशक्त उद्गार हो, अभिव्यक्ति प्राण हो । यसले कथनलाई स्वाभाविक रूपमा तिक्खर वा ओजस्वी बनाउँछ र जीवन दिन्छ । कृष्ण प्रसाद पराजुली

[ज्ञ] मोतिलाल पराजुली र जीवेन्द्रदेव गिरि, नेपाली लोकसाहित्यको रूपरेखा (द्दण्टड), पृ.घज्ञघ
[द्द] पराजुली, पूर्ववत ।

- उखान भनेको पद लालित्यले हिस्सी परेको, लाक्षणिक भावपूर्ण भएको एक लोकोक्ति हो । एक किसिमको उखान भनेकै एक हृदयकोश हो । जसको प्रयोग ठाउँ र बेला हेरी हुन्छ । सत्यमोहन जोशी[3]
- वाक्य स्तरको संरचना हुन सक्ने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ । जसको अर्थ त्यसका स्रोतसंग गासिएको हुन्छ । मोहनराज शर्मा
- उखानहरू विशिष्ट व्यक्तिका कथन अर्थात प्राज्ञ वचनहरू हुन् । यी विशिष्ट व्यक्तिहरू विद्धान वा साहित्यकार पनि हुन सक्छन् । कुनै अपठित तर अनुभवले खारिएका किसान पनि हुन सक्छन् । चुडामणिबन्धु[4]
- जब हामी उखान सुनिरहेका हुन्छौं हामीलाई लाग्छ । मानौ हाम्रा पूर्वजहरूले आफ्ना सन्तानहरूले बाटो बिराउलान् र कर्तव्य नचिन्लान् भनी दिव्य भाषामा आकाशवाणी सुनाइरहेका छन् । बालकृष्ण पोखरेल
- उखान भाषाको ज्यान हो मानब जातिको अनुभवको सार हो । पारसमणि प्रधान
- उखान र टुक्कालाई भाषाको गहना मानिएको छ । नेपाली उखान र टुक्का पनि यस भाषामा गहना सरह साहित्यमा प्रयोग गरिएको छ । नेपालीका उखान र टुक्का पनि यस भाषामा गहना सरह साहित्यमा प्रयोग गरिएका छन् जति भाषा सम्पन्न हुन्छ । त्यति नै त्यस भाषामा उखान टुक्का हुन्छन् । चुडामणि रेग्मी
- उखान लोकजीवनका व्यवहारिक अनुभूतिबाट खारिए निष्किएका सारपूर्ण सूत्रात्मक ज्ञानबर्द्धक, दृष्टान्तमूलक, कथन हुन् । शिव प्रसाद पौड्याल[5]

यी परिभाषाहरूले उखानको स्पष्ट परिचय दिएका छन् । यिनका आधारमा के भन्न सकिन्छ भने ज्ञान, अनुभव, आस्था, विश्वास आदिबाट खारिएको लोकभाषाको सारपूर्ण कथन उखान हो । यसको निर्माणमा शिक्षित अशिक्षित सबैको महत्वपूर्ण योगदान छ ।

## २.२ उखानका विशेषता

नेपाली उखानहरू नेपाली जीवनका मौलिक सिर्जना हुन् । भाषा, सँस्कृति र परम्परा अनुसार उखानका विशेषतामा केही अन्तर हुनु सभाविकै हो । तापनि प्राय : सबै उखानहरूमा एकै किसिमको विशेषता पाइने कुरा विभिन्न स्वदेशी एवं विदेशी विद्वानहरूले व्यक्त गरेको

[3] चुडामणि बन्धु: नेपाली लोकसाहित्य (२०६६), पृ. ३३२
[4] वासुदेव अर्याल: अर्थ मुलक नेपाली उखान (२०६४), पृ. ६
[5] अर्याल पूर्वत, (२०६४)

धारणामा पाइन्छ । नेपाली उखानहरूमा सूत्रबद्धता, सम्बद्धता, सङ्क्षिप्तता, सरलता, जीवन्तता, लोकप्रियता, अनुभव सिद्धान्त र सार्वजनिकतालाई लिन सकिन्छ । यसैको आधारमा उखानका प्रमुख विशेषता निम्नानुसार देखाउन सकिन्छ । (मोतीलाल पराजुली, जीवेन्द्रदेव गिरि-नेपाली लोक साहित्यको रूपरेखा-२०६८-पृ-३१४) ।

**१. सङ्क्षिप्तता एवं सारगर्भिताता :**

कुनै विषयको सारवस्तु अथवा गहन कुरालाई श्रोताको मुटुसम्म पुग्ने गरी मिठोसंग संक्षेपमा भन्न सक्नु उखानको प्रमुख विशेषता हो । पढ्दा पढाउँदा वा अनुभव गर्दा सानोतिनो कथा जत्तिकै लामा विषयबाट छोटो र सरल सूत्रको रूपमा निस्किएर सारगर्भित अभिव्यक्ति दिन छोटा वाक्य उखान हुन् । धेरै अर्थ भइकन पनि सङ्क्षिप्त हुनु र लेखपढ गर्न समेत नजान्ने जनसाधारणबाट अभिव्यक्त गरिने सरल कथा भएर पनि अर्थगत र शाव्दिक चमत्कारद्वारा सिंगारिएको हुनु उखानको विशेषता हो । ब्याख्यात्मक रूपमा व्यक्त गर्दा अर्थ दिएर जोडदार बनाउन सक्छ । जस्तैः मागीमागी छोरोको विवाह त्यसैले सङ्क्षिप्तता उखानको प्रमुख विशेषता हो । सारगर्भित भएकाले हृदयस्पर्शी र लघु आकारका कारण जनसाधारणको जिब्रोमा सजिलोसँग बसिरहन नसक्ने हुन्छ । शब्द प्रयोगका दृष्टिले पनि उखान सङ्क्षिप्त नै हुन्छन् । 'गागरमा सागर' भन्ने काम उखानमा गरिएको हुन्छ ।

**२. सम्बन्धता**

उखान वाक्यस्तरको रचना हो । यसले भावको सम्पूर्ण अभिव्यञ्जना बोकेको हुन्छ । तैपनि व्यवहारमा प्रयोग हुँदा यसको मूल्य कुनै सन्दर्भसँग गाँसिएर मात्र प्रकट हुन्छ । वक्ताले पहिले कुनै विषयमा कुरा झिकेपछि उखानको प्रयोगद्वारा आाफ्नो भनाईलाई प्रष्ट, सशक्त र प्रभावकारी तुल्याउँछ । यसरी आफ्नो उपयोग र मूल्यका निम्ति अरुसँग सम्बद्ध हुनु उखानको एक उल्लेख्य विशेषता हो ।

**३. सजीवता तथा लोकप्रियता**

उखानको प्रयागले अभिव्यक्ति ओजनदार बन्दछ । लेख्य र कथ्य दुवै भाषाको प्रभाव बढाउन यसबाट विशेष सहयोग पुग्दछ । मानव जीवनले युगौंयुगदेखि भोग्दै आएको सत्य तथ्य अनुभवसिद्ध ज्ञानको परिणम उखान भएको हुँदा यसमा ती भाषा र जातिहरूको यथार्थ चित्रण लुकेको हुन्छ । उखानले जहाँ र जहिले पनि सत्यको नै वकालत गरेको हुन्छ । सत्य कुरा लुकाएर लुक्न सक्दैन नत यसलाई ढाकछोप गरेर देखाउन सकिन्छ । सत्यवस्तु नै चिरस्थायी

भएर युगौँयुगसम्म बाचिरहन सक्छ । श्रुतिपरम्परामा पनि जीवन रहन सक्नु उखानको विशेषता हो ।

जसमा प्राण हुन्छ । त्यही नै चलबलाउँछ, त्यही नै सलबलाउँछ र क्रियाशिल हुँदा ऊ लोकप्रिय बन्दछ । उखान पनि भाषाको प्राण तत्व हुनाले नै जनसाधारणको जिब्रोमा सहज रूपमा झुन्डिएर रहन सक्छन् । बोलीचालीमा होस् वा लिखित साहित्यमा होस् उखानको अत्याधिक प्रयोग गर्न रुचाउनु नै उखानले पाएको लोकप्रियता हो र उखान जीवन्तता हो ।

**४. सरलता एवं लयात्मकता**

बहुसंख्यक ग्रामीण व्यक्तिले बोलिने स्थानीय भाषामा निर्माण भएको हुँदा उखानको भाषा प्रायः सबैले बुझ्ने किसिमको हुन्छ । कुनै कुनै तुकबन्दीयुक्त उखानहरूले सङ्गीतमय स्वरूप धारणा गरेको हुँदा पद्यात्मक होस् वा गद्यात्मक दुवै किसिमको उखान लयात्मक हुन्छन् । त्यसैले नै सूत्रबद्ध भएतापनि क्लिष्टता हुँदैन सरल हुन्छ भाषा र सम्पूर्ण बन्छ । भावनात्मक तीव्रता व्यङ्ग्यात्मक प्रखरता भइनक सहज किसिमबाट सम्प्रेषण गर्न सक्ने विशेषता हुन्छ । यिनै कारणहरूले गर्दा उखान बढी लोकप्रिय बनेर शिक्षित अशिक्षित सम्पूर्ण जनसाधरणको जिब्रोमा झुन्डिन पुगेको छ । लोकप्रिय उक्ति नै उखान हुन् । जुन अभिव्यक्तिमा जीवन्तता हुँदैन र अर्थबोधमा कठिनाई हुन्छ । यसलाई हृदयले सहजरूपमा स्वीकार गर्न सक्दैन । नेपाली उखानहरू सजिव हुनुका साथै भाषिक मिठासले गर्दा लोक जीवनमा सहज किसिमबाट व्याप्त भएर भिज्न सफल भएका छन् । 'आए आँप गए झटारो', 'जसले मह काट्छ, उसले हात चाट्छ', आदि उखानहरू सरल एवं सरस किसिमका स्वादिला अभिव्यक्तिहरू हुन् । 'खर्च न वर्च काशीतिर लर्क', 'यता न उता विचैबाट फर्क', लयात्मक किसिमको उखान हो ।

**४. रूप विविधता**

सरल एवम् मिठासपूर्ण शब्दद्वारा कथनलाई अनुपम स्वाद दिएर प्रभावकारी बनाउने विशेषता नै उखानहरू लोकप्रिय बन्न पुगेका हुन् । साथसाथै रूप, रङ्ग, बोलीचाली, आदि बाहिरी संरचनाका कारण पनि श्रोतालाई आकर्षण गर्नसक्ने सामर्थ्य उखानले राख्दछ । छोटो आकारका र तुकबन्दीयुक्त उखानहरू सजिलैसंग ग्रहण गर्न स्मरण गर्न सकिन्छ । उखानका विविध रूपमध्ये कुनै उखान केवल प्रश्न गर्ने मात्र हुन्छन् । कुनै प्रश्न उत्तर सहित हुन्छ, कुनै तुकबन्दीयुक्त र लयात्मक हुन्छन् भने कुनै भाषान्तर प्रभावित उखानहरू छन् । त्यसैले उखानका विशेषता हुन् ।

**५. सार्वभौकिता र सार्वकालिकता**

साहित्यका अन्य विधाहरू समयको अन्तरालसंगै मानिसको मनमस्तिष्कबाट हराउँदै र विलाउँदै जाने गर्दछन् । एक समयमा ज्यादै प्रचलित बनेर श्रोताको हृदयलाई मुग्ध पार्न सफल भएका गीत कविता आदि केही समयमा नै श्रोताले मन नपराउने हुन्छ । उखानमा यस्तो हुँदै र उखानले लोकको गहन अनुभवहरू बोकेको हुन्छन् । 'आमाको काख, अरुको लाख' जस्ता उखान जहिले पनि र जहाँ पनि उस्तै महत्वका हुन्छन् ।

**६. अनुभव सिद्धान्त**

उखान अनुभवबाट खारिएरका उद्‌गार हुन् । तिनको प्रयोग समाजमा लामो समयदेखि हुँदै आएको छ । त्यसकारण तीनमा सत्यता र विश्वसनियता पाइन्छ । विभिन्न जातिले समय क्रममा देखे भोगेको कुराहरूबाट लिनेको आकार ग्रहण गरेका छन् ।

**७. सूत्रबद्धता**

उखानहरूले थोरैमा धेरै कुरालाई अटाएका हुन्छन् सूत्रका रूपमा रहेका हुन्छन्, जति फुकायो त्यति फुक्दै जान्छन् । जस्तै 'हात्तीको मुखमा जिरा' एक उखान हो । यो सूत्रवद्ध छ तर यसका असीम भाव अर्न्तनिहित छ । सूत्रको रूपमा यसलाई सम्झिन जतिवेला पनि सकिन्छ । यसमा पाउने अर्थ गौरब र भावसदृष्यका दृष्टिकोणले यसको आयाम फराकिलो छ ।

नेपाली उखानमा निहित प्रमुख विशेषता यिनै मान्न सकिन्छ । विभिन्न स्वरूपगत विशेषता भएका कारण उखानहरूलाई साहित्यको गर्विलो र उत्कृष्ट विधा मानिन्छ । केटाकेटीदेखि वृद्धवृद्धासम्म र शिक्षित अक्षित सम्पूर्ण समाजले सजिलैसँग उखानलाई ग्रहण गर्न सक्छन् । कथनलाई गहकिलो भाषालाई चमत्कारपूर्ण र अभिव्यक्तिलाई प्रभावकारी बनाउन उखानको ठूलो योगदान हुने हुँदा यसले भाषालाई ओजनदार बनाउँदछ ।

निचोडमा के भन्न सकिन्छ भने कुनै पनि उखानमा सबै विशेषता हुँदैनन् सबै विशेषता एउटै उखानमा समेटिएको हुन्छन् र हुनुपर्छ भन्ने पनि छैन । फेरी एक दुई विशेषता नहुँदैमा उखानको महत्व सकिन्छ भन्ने होइन । निश्चय नै राम्रा उखानमा एकै साथ सबै जसो विशेषता सजिलैसंग सल्मलाएका हुन्छन् । यस्ता अनगिन्ती उखान अनुभव र ज्ञानका गहकिला सार भएकाले नै ग्राह्त्य छन् र मन्त्र जस्ता भएका छन् ।

२.२ उखानका तत्वहरू

उखान लोक साहित्यका अन्य विधाका तुलनामा लघु आकारका हुन्छन् । यस कारण उखानका मुख्य तत्वलाई तीन भागमा देखाउन सकिन्छ । ती तीन तत्व अन्तर्गत कथ्य, शैली

र उद्देश्य पर्दछन् । उखानमा भन्न पर्ने कुरा सोझैं वा लाक्षणिक वा व्यञ्जनात्मक रूपबाट पनि व्यक्त गर्न सकिन्छ । कुनै पनि उक्तिको प्रसङ्ग र कथ्यले पनि उखानको अर्थ स्पष्ट गर्छ ।

उखान जुन ढंगले भनिन्छ त्यो उखानको शैली हो । उखानमा प्रयुक्त शब्दहरू र तिनको संयोजनले शैलीको निर्माण गर्छन् । उखानका यस्ता शैलीहरू उखानका यस्ता शैलीहरू सामान्य र अलङ्कृत हुन्छन् ।

उखानको आफ्नो उद्देश्य हुन्छ । उखानका माध्यमबाट मानिसले केही कुरा भन्न चाहन्छ, उपदेश दिन चाहन्छ, सूचना दिन चाहन्छ, अथवा कुनै विषयमा टिप्पणी वा आलोचना गर्न चाहन्छ ।

## २.३ नेपाली उखानको वर्गीकरण

कुनै पनि भाषिक समुदायमा प्रचलित उखानले त्यस समाजको जीवनशैली, धर्म, पेशा, रीतिस्थिति आदिको यथार्थ चित्रण उतारेको हुन्छ । उखानबाट प्राप्त हुने सामग्रीले लोकजीवनका विविध पक्षको अध्ययनका निमित्त प्रशस्त मद्दत पुऱ्याएको हुन्छन् । उखानहरू आकारमा लोकसाहित्यका अन्य विधाभन्दा छोटो भएपनि उखानको वर्गीकरण गर्ने काम त्यति सजिलो छैन । एउटै उखानलाई विभिन्न वर्गमा राख्न सकिन्छ । यहाँ नेपालका विभिन्न विद्वानहरूले देखाएको वर्गीकरणको प्रकारहरूलाई जस्ताको तस्तै देखाएर समग्रमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

कृष्णप्रसाद पराजुली

नेपाली लोकसाहित्यको क्षेत्रमा विशेष खोज अनुसन्धान गरेर योगदान पुऱ्याउने महान् विद्व वार हुन् कृष्ण प्रसाद पराजुली । उनले लोकसाहित्यको क्षेत्रमा लामो समयकलम चलाएर लोकवासीमा लुप्त साहित्यको उजागर गरेका छन् । त्यही सन्दर्भमा नेपाली गाउँवस्ती भित्रका प्रचलित उखानहरुलाई पनि सङ्कलन गरेर त्यसलाई विविध आधारमा विभाजन गरेका छन् । उनको अनुसार उखानलाई निम्न भागमा विभाजन गर्न सकिन्छ ।

१. रूपात्मक -

क) शब्दशक्तिमुलक दृष्टि ख) संरचनात्मक दृष्टि

२. विषयात्मक -

क) सामाजिक तथा नीति चेतना सम्बन्धी ख) ज्ञान विज्ञान सम्बन्धी ग) कृषि व्यवसाय सम्बन्धी

घ) लोक विश्वास सम्बन्धी ङ) विविध विषय सम्बन्धी

धर्मराज थापा र हंसपुरे सुवेदी

लोकसाहित्यको क्षेत्रमा विवेचना विश्लेषण गर्ने विद्वानहरू  धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसाहित्य भित्र एउटा उत्कृष्ट विधा उखानको चर्चा परिचर्चा गर्दा यसको वर्गीकरण समेत गरेका छन् । उनीहरूको कृति नेपाली लोकसाहित्यको विवेचना (२०४१) मा विवेचना गरे अनुसार उखानको विभाजन यस्तो पाइन्छ :

१. उपदेशात्मक रूपमा लोकोक्ति

२. सुक्ति रूपमा लोकोक्ति

३. लक्षार्थक वा न्याय रूपका लोकोक्ति

४. सामाजिक लोकोक्तिहरू

५. ऐतिहासिक लोकोक्तिहरू

६. सांस्कृतिक लोकोक्तिहरू

७. व्यङ्ग्यात्मक लोकोक्तिहरू

८. जातिसम्बन्धि लोकोक्तिहरू

९. स्थानसम्बन्धि लोकोक्तिहरू

१०. विविध -मिश्रित लोकोक्तिहरू

डा. शम्भु प्रसाद कोइराला

लोकसाहित्य भित्रको साहित्य लाई अनुसन्धान गरेर एउटा ठोस निष्कर्ष प्रदान गर्ने लोकसाहित्यका उन्नयन कर्ताहरूमा एक विशिष्ट हस्ती डा. शम्भु प्रसाद कोइराला हुन् । उनले लोकसाहित्य सिद्धान्त र विश्लेषण विराटनगर धरणीधर प्रतिष्ठान २०५५ मा उखानको चर्चा गर्दै नेपाली उखानलाई विश्लेषण र विभाजन गरेका छन् । उनको अनुसार उखानको वर्गीकरण यस्तो रहेको छः

क) शब्द स्रोतको आधारमा

१. तत्सम  २. तद्भव  ३. आगन्तुक

ख) वाक्य संरचनाका आधारमा

१. सरल  २. अनुप्रसात्मक

ग) वाक्यार्थ वा भावका आधारमा

१. निश्चयार्थक  २. प्रश्नार्थक  ३. विध्यार्थक

घ) दृष्टिविन्दुको आधारमा

१. प्रथम पुरुष  २. मध्यम पुरुष  ३. अन्य पुरुष

ङ) आकारका आधारमा

१. छोटो २. मझौला ३. लामा

च) अर्थका आधारमा

१. अभिधामुलक २. लक्षणामुलक ३. व्यञ्जनामुलक

शिव प्रसाद पौड्याल

नेपाली लोकसाहितयको खोजी गर्ने क्रममा शिवप्रसाद पौड्यालले नेपाली उखानको विषयात्मक अध्ययन राष्ट्रिय प्रज्ञा प्रतिष्ठान-२०६० पुस्तकमा नेपाली भाषामा प्रयोगशील उखानको चर्चा गरेका छन् । उखानको वर्गभेद गर्ने क्रममा आफ्नो दृष्टिकोणबाट उनले गरेका उखानको विभाजनलाई निम्न रूपमा देखाएका छन् :

क) रूपात्मक

१. आकार २. लयात्मक ३. आलङ्कारिक ४. प्रश्नमूलक

ख) अर्थशक्ति

१. अभिधामुलक २. लक्षणमुलक ३. व्यञ्जनामुलक

ग) विषयात्मक

१. नीति शिक्षा र व्यवहारिक ज्ञान सम्बन्धी
२. सामाजिक सम्बन्धी
३. कृषि व्यवसाय सम्बन्धी
४. स्थान सम्बन्धी
५. धर्म संस्कृति सम्बन्धी
६. जाति सम्बन्धी
७. इतिहास पुराण सम्बन्धी
८. पशुपन्क्षी र जीवजन्तु सम्बन्धी
९. प्रकृति जगत सम्बन्धी
१०. लोक विश्वास सम्बन्धि
११. विविध विषय सम्बन्धि

झमक शर्मा

नेपाली विद्वान झमक शर्माले पनि लोक साहित्यको अध्ययन गरेका छन् । उनको पुस्तक नेपाली अँग्रेजी उखान कोशमा उखानको वर्गीकरण गर्ने प्रयास गरिएको छ । उनले गरेको वर्गीकरण अनुसार नेपाली उखानलाई यसरी देखाइएको छ :

क) रूपात्मक वर्गीकरण

१. शब्दशक्तिमुलक दृष्टिकोण -५ भेद

२. संरचनामूलक २१ भेद

३. रस मूलक दृष्टिकोण ९ भेद

ख) विषयात्मक वर्गीकरण

१) कथागत, नीतिगत, उपदेशगत, दृष्टिकोणमुलक, पौराणिक, ऐतिहासिक, सामाजिक, मानक पक्ष सम्बन्धी, विविध विषयका ।

डा. मोतीलाल पराजुली र जीवेन्द्रदेव गिरि

नेपाली लोकसाहित्य प्राध्यापक डा. मोतिलाल पराजुली र जीवेन्द्रदेव गिरिले नेपाली लोकसाहित्यको रूपरेखा नामक पुस्तक प्रकाशन गरेका छन् । उक्त पुस्तकमा उखानको परिचय दिनेक्रममा नेपाली भाषामा प्रयुक्त उखानहरूको वर्गीकरण पनि गरेका छन् । उनीहरूको विभाजनमा उखानको रूपमा निम्न छन् :

क) विषयवस्तुको आधार

खेतीपाति सम्बन्धी उखान, सामाजिक उखान ज्ञान विज्ञान सम्बन्धी उखान, प्रकृति सम्बन्धी उखान धार्मिक भावना भएका उखान, पशुपक्षी सम्बन्धी उखान, स्थान सम्बन्धी उखान

ख) संरचनाका आधारमा

वाक्य संरचना अनुसार सरल र जटिल

अर्थ भाव अनुसार निश्चयार्थक, प्रश्नार्थक, विध्यर्थक

आकारका आधार

छाटो, मझौला, लामा

लयको आधारमा

लयात्मक र गद्यात्मक

ग) शब्दशक्तिको आधारमा

अभिधामुलक, लक्षणमूलक, व्यञ्जनामुलक

जुनसुकै विषयको वर्गीकरण गर्दापनि वैज्ञानिक किसिमले कुनै निश्चित सिद्धान्तको आधारमा गर्नु उपयुक्त हुन्छ । उखानको वर्गीकरण पनि वैज्ञानिक तरिकाबाट अध्ययन तथा अनुसन्धान गरी सबै पक्षलाई समट्ने गरी गर्न आवश्यक भएको छ । नेपाली उखानका भेदहरू

धेरै भएका र एउटै उखानलाई पनि विभिन्न वर्गमा राख्न सकिने अवस्थाले गर्दा उखानको वर्गीकरण गर्ने कार्य त्यति सजिलो देखिँदैन यो जटिल प्रक्रिया हो ।

विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाबाट गर्दै आएका सामान्य वर्गीकरण अनुसार उखानहरूलाई बाहिरी स्वरूपको आधारमा र त्यसले गर्ने प्रतिपादनको विषयको आधारमा २ वर्गमा वर्गीकृत गर्न सकिन्छ । यिनै दुई पक्षगरी उखानको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ

१) रूपात्मक वर्गीकरण

जसरी कुनै पनि व्यक्ति वा वस्तुको आकार प्रकार, वर्ण, अनुहार, भेषभुषा आदि बाहिरी रूपलाई आँखाले देखेर त्यसको पहिचान गर्न सकिन्छ त्यसैगरी उखानको पनि ढाँचा, आकार प्रकार वा बाहिरी रूप, हेरेर रूपात्मक वर्गीकरण गर्न सकिन्छ । रूपात्मक वर्गीकरणको मुख्य आधार उखानको बनोट, प्रकृति वा बाह्य संरचना हो । शब्द शक्ति बनोट, अर्थशक्ति लयअलङ्कार, कर्णप्रिय झंकार आदिको आधारमा रूपात्मक वर्गीकरणलाई निम्न भागमा देखाउन सकिन्छ ।

क) शब्दशक्तिमुलक ख) संरचना पक्ष

शब्दशक्तिको दृष्टिबाट नेपाली उखानलाई ३ भागमा वर्गिकरण गर्न सकिन्छ ।

☞ अभिधामुलकः यसले शब्दको वा उखानको सोझो अर्थ बताउँछ । जस्तै अल्छि तिघ्रे स्वादे जिब्रो, आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको

☞ लक्षणामुलकः यस्तो उखानले सोझो अर्थ नबनाई घुमाउरो वा हेर्दा अर्थ प्रकट गर्छ जस्तै : साँढेको जुधाई बाच्छाको मिचाई, जो होचो उसको मुखमा घोचो ।

☞ व्यञ्जनामुलकः यस्ता उखानले वाच्यार्थ लक्षार्थ भन्दा घुमाउरो एवम् व्यङ्ग अर्थ प्रदान गर्छ । जस्तै लङ्कामा सुन छ, कान मेरो बुच्चै, नमच्चिने पिङ्गको सय झड्का ।

☞ आकारगत

☞ लघुः विधवालाई गाजल

☞ जात फाल्नु गहतको झोलमा

☞ राम्रो सुनचाँदी पूराधन, तरतम्सुक आधा धन, व्याजबटौल औंलागन, दोपया चौपाय गन्दैनगन् ।

☞ **लयात्मक**

पद्यात्मकः जोगीलाई फुक्का भोगीलाई हुक्का

गफीलाई टुक्का, जफतीलाई मुक्का ।

गद्यात्मकः अल्छिको कुरा जैसीले जान्दैन ।

☞ प्रश्नमूलकः आफै त महादेव उत्तानो पर कसले दिने वर ?

☞ प्रश्नोत्तरात्मकः किन रोइस् मङ्गले आफ्नै ढङ्गले ।

☞ आलंकारिक

उपधिमूलकः जस्तो राजा उस्तै प्रजा

अनुप्रासमूलक र तुकबन्दीयुक्तः बेश्याको घर छैन बेइमानीको भर छैन ।

दृष्टान्तमुलक सर्पलाई दूध खुवाउनु र मूर्खलाई अर्ति दिएर काम लाग्दैन ।

२. विषयात्मक वर्गीकरण :

लोकसम्बद्ध व्यवहारका विविध पक्षसंग सम्बन्धित विस्तृत घटनाहरू उखानमा सूक्ष्म रूपमा लुकेको हुन्छ । उखानको विषयात्मक वर्गीकरण हो । विषयात्मक वर्गीकरण अनुसार उखानलाई ६ भागमा विभाजन गर्न सकिन्छ :

धर्म संस्कृत एवं सामाजिक जनजीवनस“ग सम्बन्धित उखान

- मन नपरेकी बुहारी पाउनासंग सुत्छे,
- गोडा भए जुत्ता कतिकति
- छोरी कुटी बुहारी तर्साउनु
- दमै-कामीको बोली वर्षदिन टोली
- सार्कीको देवता अक्षताले मान्दैन,
- सानो जात मात्तिदैन, मात्तिएपछि बाँच्दैन ।

नीति शिक्षा एवम् ज्ञान विज्ञान सम्बन्धि उखान

- आगो ताप्नु मुढाको कुरा सुन्नु बुढाको
- बैगुनीलाई गुनले मार्नुपर्छ,
- भाई फुटे गवार लुटे,
- सुखमा नमात्तिनु, दुखमा नआत्तिनु,

व्यवसायसम्बन्धी उखान

- उद्यमीले जोगी बन्नु पर्दैन,
- उत्तम खेती मध्यम व्यापार चुत्थो चाकडी
- बीउ र जीउ जोगाए काम लाग्छ,

प्रकृतिसम्बन्धि उखान

- पुष फासफुस
- रात रहे अग्राख पलाउँछ,
- जहाँ फल पाक्छ उही चरी नाच्छ,
- हिले माछालाई कुलै गण्डकी,

स्थानसम्बन्धि उखान

- कामकुरो एकातिर कुम्लो बोकी ठिमीतिर,
- गयो डोटी खायो रोटी आउँदा  धोती न टोपी
- कालले बिर्से मोरङ झर्नु,
- दश स्याङ्जाली, एक ह्याङजाली

विविध

जीवनका सबै क्षेत्रसँग सम्बन्धित उखानहरूको बेग्लाबैग्लै वर्गीकरण गर्दै जाँदा बाँकी रहेको र वर्गीकरण गर्न सम्भव नहुने, वर्गीकरण गर्दा एक आपसमा भ्रम पैदा गराउने उखानलाई विविध वर्गमा राखिन्छ । जस्तै :

- आइलाग्ने माथि जाइलाग्नु,
- दैखौला नि पाँडेको दीघार्यु,
- कि गोठको राजा कि कोटको राजा
- ठाउँ न ठहर बूढीको रहर
- बा आए त मलाई आए, तँलाई के आए,
- उठ्नेको पाडी, सुत्नेको पाडो,
- भुटेको मकै मोहीसित एकलै परियो पोईसित,
- तीन हाते मानिसको नौ हाँते जुगा,
- बिहेको अलमलमा केटी माग्नै विर्सियो,
- डाँकाको डाँको ठूलो बोक्सीको आँखा ठूलो,
- जंगलको बास कुलको उदास,
- एउटा पोइको दुइवटी स्वास्नी लगौटी तानातान
- खट्टे पनि खादैन बाख्रा पनि हेर्दैन,
- बाबु मरे आधा टुहुरो आमा मरे पुरै टुहुरो,

- छुचुन्द्राको टाउकोमा चमेलीको तेल

## २.४ नेपाली उखानको अध्ययन परम्परा

विभिन्न किसिमका विशेषता बोकेको नेपाली उखानहरू नेपाली भाषा र नेपाली जाति जतिकै लामो इतिहास भएका र सामाजिक, ऐतिहासिक, साहित्यक, सांस्कृतिक र भाषिक दृष्टिकोणले ज्यादै महत्वपूर्ण रहेको छ । कतिपय उखानहरू संकलन संरक्षणको अभावमा लुप्त प्रायः भइसकेका छन् । देशमा विद्यमान शिक्षा नीतिका कारण बाँकी बचेको उखानहरू पनि त्यसै हराएर जानसक्ने सम्भावना नआउला भन्न सकिन्न । त्यसैले मानव सभ्यता र संस्कृतका धरोहरका रूपमा रहेको राष्ट्रको सम्पतिलाई वैज्ञानिक किसिमको खोज कर्य गरी संरक्षण गर्नु आवश्यक भइसकेको छ ।

नेपालीहरूको पुगेको र नेपाली भाषा बोलिने कुनै पनि ठाउँमा प्रशस्त मात्रामा नेपाली उखानहरू छरिएर रहेको पाइन्छन् । यस्ता उखानलाई संकलन गरी व्यवस्थित रूपमा संरक्षण गर्ने कार्यमा विभिन्न विद्वानहरू शताब्दी अघिदेखि नै लागि परेका पाइन्छन् । हालसम्म नेपाली उखानको खोजी कार्यमा योगदान पुऱ्याउँदै संकलन गरेर कृति प्रकाशित गर्ने हस्तीहरूको आधारमा नेपाली उखानको अध्ययन परम्परा अवलोकन गर्न सकिन्छ । उखानको विषयमा मोतिराम भट्टको कार्य नै सबैभन्दा पहिलो कार्य देखिन्छ । यहाँबाट शुरु भएको उखानको अध्ययन परम्परालाई मोटामोटी रूपमा वर्तमानसम्म निम्न रूपमा प्रस्तुत गर्न सकिन्छ ।

- मोतीराम भट्ट उखानको बखान र जान्ने कथाको सङ्ग्रह, वि.सं. १९५२
- पादरी गंगाप्रसाद प्रधान, दार्जलिङ्ग नेपाली उखानको पोस्तक, सन् १९०८
- काजी महाविर सिंह गर्तौला, काशी उखान बखानको प्रवाह, सन् १९७१
- पुष्कर शमशेर, काठमाडौं नेपाली उखान र टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्यपद्धति इत्यादिको कोश खण्ड १ र खण्ड २, वि.सं. १९९८ र उखान टुक्का कोश वि.सं. २०२४
- सत्यमोहन जोशी, काठमाडौं, हाम्रो लोक संस्कृति, वि.सं. २०१४
- त्रिलोक न्यौपाने चैनपुर, नेपाली उखान संग्रह, वि.सं. २०१४
- कृष्णचन्द्र अर्याल काठमाडौं, लौकिक न्यायमणिमाल, वि.सं. २०१९
- लक्ष्मण अर्याल, विराटनगर, नेपाली राष्ट्रिय मुहावरा, सन् १९५९
- अमरमणि प्रधान र पारसमणि प्रधान, दार्जलिङ नेपाली चल्ती उखान, सन् १९६६

- पारसमणि प्रधान, कालिम्पोड नेपाली मुहावरा, वि.सं. २०१७
- शंकरप्रसाद श्रेष्ठ हाम्रो उखान टुक्का, वि.सं. २०१८
- हर्षनाथ भट्टराई, काठमाडौ, नेपाली उखान, टुक्का वि.सं. २०२३
- पुष्कर शमशेर उखान टुक्का कोश, वि.सं. २०२४
- लिलासिंह विश्वकर्मा हाम्रो लोकसाहित्य वि.स. २०२३, हाम्रो लोक साहित्य दोस्रो वि.सं. २०४५
- रत्नाकर देवकोटा जुम्लेली शब्द र उखान संग्रह वि.स. २०२७, केन्द्रीय नेपाली भाषिका उखान र गाउँखाने कथा वि.सं. २०५८
- प्रदीप रिमाल कर्णाली लोकसंस्कृति खण्ड ५ वि.सं. २०२८
- कृष्णप्रसाद पराजुली, काठमाडौ, नेपाली उखान र गाउँखाने कथा वि.सं. २०३९
- बद्रीविशाल पोखरेल बैतडेली, उखानको वर्गीकरण
- विजय चालिसे डोटेली लोकसाहित्य र संस्कृति वि.सं. २०३९
- धर्मराज थापा र हंसपुरे सुवेदी नेपाली लोक साहित्यको विवेचना वि.सं. २०४१
- हिराबहादुर खड्का उखान संग्रह र चुट्किला वि.सं. २०४१
- पूर्णप्रसाद नेपाल यात्री भेरी लोकसाहित्य वि.स. २०४१
- कूलप्रसाद कोइराला नेपाली मैथिली उखानको तुलनात्मक अध्ययन, वि.सं. २०४१
- रामचन्द्र ढुङ्गाना उखानको बखान, वि.सं. २०४३
- श्रीधर गौतम उखान र बाक्यपद्धति, वि.सं. २०४३
- हिरामणि पौड्याल पर्वती भाषिकाको स्वरूप र संरचना, वि.सं. २०४४
- शिवप्रसाद पौड्याल लुम्बिनी क्षेत्रमा प्रचलित नेपाली उखानको अध्ययन, वि.स. २०५१
- मुकुन्द आचार्य भोजपुरी उखान टुक्का, वि.सं. २०५३
- रमेश अधिकारी काठमाडौँ, नेपाली उखान टुक्का संग्रह, वि.स. २०५३
- कृष्णचन्द्र सिंह प्रधान संयोजक ने.रा. प.प्र. नेपाली साहित्य कोष, वि.स. २०५५
- डा. शम्भुप्रसाद कोइराला लोकसाहित्य सिद्धान्त र विश्लेषण, वि.सं. २०५५
- अनिरुद्ध तिमल्सिना नेपाली भाषाका उखान कलात्मक अभिव्यक्तिका नमूना, वि.सं. २०५५
- जीवेन्द्रदेव गिरी लोक साहित्यको अवलोकन, वि.स. २०५७
- झमक प्रसाद शर्मा नेपाली अंग्रेजी उखान कोष, वि.स. २०५७

- चुडामणि बन्धु नेपाली लोकसाहित्य, वि.स. २०५८
- शिव प्रसाद पौड्याल नेपाली उखानको विषयात्मक अध्ययन, वि.स. २०६०
- जिवेन्द्रदेव गिरि र मोतीलाल पराजुली नेपाली लोकसाहित्यको रूपरेखा, वि.स. २०६८

यस्तै कुनै न कुनै रूपमा उखान सम्बन्धी चर्चा गरिएका लेख रचना आफ्ना पुस्तकहरूमा समावेश गरी उखानको भण्डार र अध्ययनमा सहयोग पुऱ्याउने हेतुले कलम चलाउने अन्य विद्वानहरूमा गोपाल पाँडे, बालकृष्ण पोखरेल, रोहिणप्रसाद भट्टराई, मोहनराज शर्मा, तुलसीप्रसाद ढुङ्ग्याल, नरेन्द्र चापागाई, महानन्द सापकोटा, कृष्णप्रसाद न्यौपाने, शंकरप्रसाद श्रेष्ठ, बालकृष्ण सुवेदी, देवीचन्द्र श्रेष्ठ, लुक शर्मा, बासुदेव भाईसाब, टीकाराम पन्थी, गिरिराज जोशी, नगेन्द्र शर्मा, रामविक्रम सिजापति, कपिल अज्ञात, केशव सुवेदी, कालीभक्त पन्त, सरोजकुमार शाक्य, नारायणप्रसाद पाण्डे, रेशमबहादुर खत्री, उत्तरकुमार पराजुली र प्रभा भट्टराई आदि पर्दछन् ।

त्यसैगरी विभिन्न शिक्षण संस्थाको नियमअनुसार पढाइको सिलशिलामा नेपाली भाषा भाषिकाका उखानहरूका सम्बन्धमा अनुसन्धानात्मक कार्य गरी शोधपत्र कार्यपत्र आदिद्वारा उखानको संरक्षण गर्ने कार्य विभिन्न विद्वानहरूबाट भएको छ ।

## अध्याय : तेस्रो (परिच्छेद)

## धादिङ जिल्लामा प्रचलित उखानको संकलन

### ३.१ उखान संकलन क्षेत्रको परिचय :

नेपालको राजधानीसँगै जोडिएर रहेको धादिङ जिल्ला उत्तरमा भोटको इलाकादेखि दक्षिणमा महाभारत पर्वतमालासम्म फैलिएको छ । देशको ६ वटा जिल्लाहरूसँग जोडिएको यस जिल्लाको उत्तर पश्चिममा गोरखा दक्षिण पश्चिममा चितवन र मकवानपुर, दक्षिण पूर्वमा काठमाडौँ, पूर्वमा रसुवा र नुवाकोट जिल्ला अवपस्थित छन् । यस जिल्लाको सिमाना काठमाडौ जिल्लाको सिमाना रहेको नागढुङ्गाबाट सुरु भई नौविसे गजुरी, बेनीघाट र जोगीमारा हुँदै दक्षिणको चितवन जिल्लमा गई अन्त्य हुन्छ । मलेखु र गजुरी बजारको-पृथ्वीराजमार्गमा पर्ने) बीचमा पर्ने फुर्केखोला भन्ने स्थान नजिकै त्रिशुली नदीमा बनेको पक्कीपुल तरेर कालपाण्डे मार्गको १७ कि.मि. दुरी पार गरेपछि थोपल खोला र अर्बुङ्ग खोलाले बनाएका रमणीय फाँट धादिङ जिल्लाको सदरमुकाम धादिङबेंसी हो ।

समुन्द्री सतहबाट ४४८ मि. अग्लो २६$^{\circ}$ ४०' उत्तरदेखि २८$^{\circ}$१४' उत्तरी अक्षाँश र ८४$^{\circ}$०' पुर्वदेखि ८५$^{\circ}$०' पुर्वी देशान्तर बीच रहेको यस जिल्लामा ब्राह्मण, क्षेत्री, गुरुङ, तामाङ, नेवा, चेपाङ दशै, कामी, सार्की लगायत विविध जातजातिको बाहुल्य रही बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्कि, विविधता रहेकोले नेपाली लोकसाहित्य र संस्कृतिमा परापूर्वकाल देखि नै धनी छ । यसै जिल्लाको नीलकण्ठ गा.वि.स. सदरमुकाम रहेको गा.वि.स. हो । जहाँ ९ वटा वडाहरू रहेका छन् । त्यसै गरी नीलकण्ठसँग जोडिएर उत्तर पश्चिममा रहेको गा.वि.स. मुरलीभञ्ज्याङ गा.वि.स.हो । यसमा ९ वडा रहेका छन् । हालसालै नेपाल सरकारले नगरपालिकाको घोषणा गर्नेक्रममा यी दुवै गा.वि.स. धादिङको एकमात्र नीलकण्ठ नगरपालिकामा समाहित हुन पुगेको छ । यो धादिङको मध्यक्षेत्र हो । यसै क्षेत्रको रूपमा रहेको उखानलाई यस अध्ययन कार्यमा संकलन गरिएको छ ।

### ३.२ संकलित उखानहरू

स्थानीय स्तरमा प्रचलित उखानहरू :

१. खेत बेची हाँडी गाग्रोको व्यापार ।

२. भैंसी बेची बाखा, बाखा बेची कुखुरा, कुखुरा बेची फुस्रा

३. काम गर्नु कलले, युद्ध गर्नु छलले,

४. अर्काको माल गोली भरेको नाल,

५. बर्क्रत न बुता जुरुजुरु हुता,

६. भात काँचो छकि पाकेको छ पन्युले जान्दैन,

७. चैत्रमा घ्यू खोज्नु, निहु खोज्नु, असारमा गोरु खोज्नु, जोरी खोज्नु,

८. जसले खान्छ शहर, उसले बान्छ बहर,

९. बैरीमा ठूलो रिस, भित्रीमा ठूलो मित,

१०. पहिरो लाग्यो खेतमा अनिकाल पस्यो पेटमा,

११. हरूवा कुकुर पुच्छर लुकाउँछ,

१२. पढायो पढायो पाठ, सोह्र दुना आठ

१३. गोरुको हुलमा बाखो,

१४. इज्जत बिनाको कुल, कुलो बिनाको मूल,

१५. अर्था न बर्थ पप गीत गाई, घर छ झुपडी घाँटीमा टाई,

१६. भूरा माछालाई ताल प्यारो, जुवाडेलाई खाल प्यारो,

१७. जसको छोरो उसको बल, जहाँ पानी उही भल,

१८. कर्कला काट्ने बन्चरोमा सान,

१९. बेस्सेको गाला सबैको थाल, मर्ने बेलामा कसले पाल,

२०. बलेको आगो, खरानीको माउ, नकटो मान्छे चुच्चे नाउँ,

२१. दूधको रखबारे बिरालो

२२. कलको बीउ ठट्टा कपालको शत्रु लट्टा

२३. चैतको चिसो झन् मिठो,

२४. थोरै भए प्राणवायु, धेरै भए बाँदरको सास,

२५. बिहे गर्न नसक्नेले छोरो पाउने रहर,

२६. महाराजाको पाउको धूलो भगवान्को प्रसाद सरह,

२७. आमाको अगाडि सधै पर्नु, बाबुको अगाडि कहिलेकाहीँ पर्नु, हाकिमको अगाडि कहिल्यै नपर्नु,

२८. टोक्ने कुकुर र साढे कुन मित्र कुन शत्रु,

२९. एउटाले गऱ्यो फुर्मास अर्काको भयो सर्वनाश,

३०. नचिनुन्जेल को हो को हो, चिनेपछि माया मोह,

३१. अङ्गालोको पानी भँगालोमा अट्दैन,

३२. मागे सबैको गुनी, चोरे सबैको बैगुनी,

३३. भागेको कैदीलाई बाटो चाहिँदैन,

३४. आफू गर्न जान्दैन, भनेको पनि मान्दैन,

३५. दूध दिने भैसीको गोबर पनि प्यारो,

३६. फाइदा भए छोरो पनि साँटू,

३७. इखले खाएको छोरोलाई विखले पनि खाँदैन,

३८. बतौरेको मुखै चमचम, नचौरीको कम्मरै छमछम,

३९. मेहनतीले खिर खान्छ, अल्छीले दिन गन्छ,

४०. फूल फूलेको बोट रस भरिएको ओठ कसले हेर्दैन,

४१. जसको बोली चेपारे उसकै बानी छेपारे,

४२. लाम्पाते पनि अम्मल हो, हिलोमा फूले पनि कमल हो,

४३. मान्छेको औकातजुत्ता, कुकुरको जात खुट्टा,

४४. मूलको पानीले खेत रोप्नु, कुलको छोरी बिहे गर्नु,

४५. पक्रेको साधु चोर सरह झरेको फूलको के अर्थ,

४६. गोरु बेचेको साइनो देब्रे न दाहिनो,

४७. हर्रो नपाउनेलाई जाइफलको स्वाद,

४८. बारी खाज्नु ढाँड, श्रीमती खोज्नु गाण,

४९. नबर्सने बादलको गर्जन ठूलो,

५०. प्याज खायो बाहुनले पितृकर्म के गर्ला,

५१. जिउ भारी के भारी लङ्गौटी सारी के सारी,

५२. कालले मर्छ, जिब्रोलाई दोष,

५३. नमिठो खान मन छैन, मिठो खान धन छैन,

५४. माया गर्नु लुकेर, सम्मान गर्नु झुकेर,

५५. दाइ, भाउजू पोइला गइ, बेस भो भाई दाइकोजन्ती जालास्,

५६. सल्यानटारको गोरुको, सपना ह्यापिङ खोलाको पानी,

५७. सल्यानबेसी जात्राको नगरोस् यात्रा,

५८. फुर्की गाईको लिडे पुच्छर,

५९. फाली घोटी सियो, थाम ताछी मियो,

६०. कालो पोते नपाउनेले तिलरीको धोको,

६१. भैसीको आङमा एउटा रौँ झरेर नाङ्गो हुँदैन,

६२. घ्यू न तेल पकाउँछ सेल,

६३. सुनी रहे पनि लाटो होइन्छ,

६४. प्रतिक्षाको घडी लामो हुन्छ,

६५. औलाले टेके पो पैतालाले टेक्न पाइन्छ,

६६. आफ्नो जुङ्गा मुसार्न नसक्नेले अर्काको जुङ्गा मुसार्छ,

६७. कस्तुरी भनेपछि सुघि रहन पर्दैन,

६८. गफै त हो सम्धी रक्सी खाएपछि,

६९. आफ्नो घरको बास, आफ्नै घरको सर्वनाश

७०. एक दामको ल्वाङ छैन, दश दामको स्वाङ,

७१. जुरेलीको छोरो भदेको नाति जे गरे पनि पैसा माथि,

७२. धर्म कर्म, छोड, रक्सी नछोड,

७३. पहिलो प्रेम मिठो पछि, नानिहरूको रूपै नमिठो,

७४. महङ्गी देशमा बेरोजगारी सस्तो,

७५. जुनै सासु भएपनि पेन्ट नै लगाउने,

७६. राजनीतिका कुरा नजान्ने स्वन्त्र दल

७७. बोक्सीको घरमा बिरालोको बास,

७८. आजकालका नेता भन्दा चम्चा बाठा,

७९. कमाई न समाई खान्छ रमाई रमाई,

८०. जसको व्याहा उसैलाई हेर्न नद्या,

८१. ताइ न तुई हातमा लाए दुई,

८२. स्वाङ गर्‍यो, भ्वाङ पर्‍यो,

८३. सानाको पल्टन, ठूलाको चट्कन,

८४. हजारको बल, एकको कल ,

८५. बोके मान्छेको डोके कुरा,

८६. मुहान अनुसार बगान,

८७. मुखमा दाँत, भूँईमा खस्यो हाड,

८८. उहिलेको मान्छेको खुइलेको कुरा,

८९. हरूवा साढेलाई बाटो चाहिन्न,

९०. भतुवाको प्यारो भात, जैसीको प्यारो जात,

९१. बुझ्नेलाई भारी, नबुझ्नेलाई कर्कला घारी,

९२. नाम न जस, खरानी धस्,

९३. जुवाडेको खाल, सम्पतीको खाल,

९४. रूप न रङ्ग जिउ न डाल देखाइ हिँड्ने नसाताल,

९५. कुटाई मिठो, आमाको, भुटाई मिठो घामको,

९६. पुसमा केरा पाके सौताको छोरीलाई दिनु,

९७. एक गोली प्रहार, दुई सिकार संहार,

९८. नेपाली कुकुर बेलायती भुकाई,

९९. दमैलाई पुच्छर, कामीलाई काँजो, सार्कीलाई हुँदो न खाँदो,

१००. पेटमा पाप छैन, घ्याम्पोमा लुगा छैन,

१०१. हिडुवाको बाटो, खेती गर्नेको माटो,

१०२. तरबारको काममा सियोलाई हतार,

१०३. जहाँ गरिन्छ, छल, त्यहाँ हुन्छ कल,

१०४. जसको काम त्यसको हुन्छ हाम,

१०५. दिएर आफ्नो हुन्न, खौरेर मसिनो हुन्न,

१०६. कुरामा कुरा, माछा पार्दा भुरा,

१०७. रानी चरीको बथानमा चिलको रूप,

१०८. एउटा गीत गाउने, अर्को गाला मुसार्ने,

१०९. हात जोर्नु ठूलालाई, सिन्की पार्नु मूलालाई,

११०. सन्यासीको घरमा, कुबेर पाहुना,

१११. धामीको मन्त्र, बोकाको काल,

११२. जुत्ता सिउने सार्की, इज्जत पाउने कार्की,

११३. भैसी पाल्ने जैसी, खिर खाने बाहुन,

११४. थुकेको ताल, छेकेको काल, कति जेललाई हुनु,

११५. खेतमा जोत्ने हली दाइ, स्वास्नी घरमा नाठो ल्याई,

११६. पल्केको नाठो, आँखा छल्न बाठो,

११७. लौरीको कुटाइ, बचनको भुटाई,

११८. बसाई भन्दा मिचाई ठूलो,

११९. हिँड्न जान्दैन, दौडन हतार,

१२०. सासु हुनेले जासु खोज्न पर्दैन,

१२१. हत्केलामा दही जम्दैन,

१२२. नलगोडेर फल लाग्दैन,

१२३. धोबीको कुकुर घरको न घाटको,

१२४. छोराको कमाई बुहारीले समाई,

१२५. टल्किदैमा हिरा हुँदैन,

१२६. पाप मरे पापी सिद्धिन्छ,

१२७. आतुरी परेको मानिसलाई नियम नै छैन,

१२८. जति तालु खुल्लियो, उति जुम्राको विपत्ति,

१२९. हाडी भरी फूल मकै, सानी नानीलाई भोक भोकै,

१३०. थोपलमा बगाएर, पलाखुमा खोज्नु पर्ने,

१३१. सौताको रिसले ओछ्यानमा मुत्ने,

१३२. कुचोको काम बतासले गर्‍यो,

१३३. काम भने चटोरो, खान भने झटारो,

१३४. नाम न जस खरानी धस्,

१३५. आमाको कुरा मामासंग,

१३६. अंशको कुरा बंशले जान्दैन,

१३७. फोहोरमा चलाए मुखमा छिटा,

१३८. बोकाले दाइ हुँदैन,

१३९. धाकभन्दा धक्कु ठूलो, हिँड्न लाग्यो खुट्टा लुलो,

१४०. भूइँमा झरेपछि धूलो लाग्छ,

१४१. अरुले तपाईं भनोस् नभनोस् आफै मपाईं,

१४२. मान्छे टिठ लाग्दो, व्यवहार रिस लाग्दो,

१४३. आफूमा क्षमता भए कामको के दुख,

१४४. अम्मलीको बोली र बन्दुकको गोलीले आफ्नो पराई चिन्दैन,

१४५. ईखको छोरो र बिषको सर्प एकै हुन्,

१४६. हातोलाई भन्दा जाँतोलाई हतार,

१४७. मान्छे भए कुरा, माछा भए भुरा,

१४८. आगो बले धुवाँ, उड्छ, छोरी भए साइनो जुट्छ,

१४९. श्रीमतीको भाइ भन्दा, बहिनी मिजासिली,

१५०. अङ्गतगुनाको रस झर्छ,

१५१. बूढाको होस्, युवाको जोस्,

१५२. ताउलीमा खिर छ, आफ्नो मनमा पिर छ,

१५३. कुमालेको घरमा फुटेको हाडी,

१५४. जंघार पनि तर्न खोज्ने, तिघ्रा पनि कमाउने,

१५५. घरमा बसेर नेपाल देख्ने,

१५६. घरको सल्लाह नगुर्नु हल्ला,

१५७. जसको लागि भात पाक्यो उसको पेट भोको,

१५८. मर्चा गुनाको जाँड र आमा गुनाकी छोरी,

१५९. जस्तो बाउ, उस्तै छोरी,

१६०. जहाँ गहिरो उही ताल,

१६१. नटोक्ने कुकुरको भुकाई ठूलो,

१६२. जसको शक्ति उसको भक्ति,

१६३. लाटो लड्छ एक बल्ड्याङ, बाठो लड्छ तीन बल्डयाङ,

१६४. एउटा गोलीले दुई शिकार,

१६५. लाटाको देशमा गाँडा तन्नेरी,

१६६. दुष्ट सन्तान कोखीको घाउ,

१६७. डाडुमा पकाएर, खड्करामा भाग लगाउने,

१६८. कुलको छोरो मूलको पानी एकै हो,

१६९. तीन हाते मान्छेको नौ हाते जुङ्गा,

१७०. बिग्रने बेलामा भित्ताको पनि कान हुन्छ,

१७१. गाई पाल्नेको वन, छोरा पाल्नेको धन,

१७२. हाँसको चाल न कौवाको चाल हुन,

१७३. उम्लिएपछि पोखिन्छ,

१७४. उडेको चरो खसाल्नु,

१७५. सानो भाडो भरिएको, ठूलो भाँडो सोरसार

१७६. भ्यान्टाको रुखमा भटारो हान्ने,

१७७. छोरो बढे मातिन्छ,

१७८. दूध कहाँ पोखियो भागमा,

१७९. दूधको कसिङ्गर बन्नु,

१८०. सूर्यको अगाडि टुकीको चमक,

१८१. तालको माछा तालमै रमाउँछ,

१८२. सियो बनेर पस्ने, फाली बनेर निस्कने,

१८३. माउभन्दा चल्ला जान्ने, खुकुरी भन्दा कर्द हान्ने,

१८४. पाँच पैसा पनि धन हो, पाति घारी पनि बन हो,

१८५. उपिय फड्कियो जुम्राको काल,

१८६. जहाँजाला, भातै खाला,

१८७. बोट अनुसारको फल,

१८८. भ्यागुताको धार्नी कहिल्यै पुग्दैन,

१८९. दौरा न सौराको खल्ती,

१९०. पाँच पैसाको कमाई छैन, दश पैसाको खल्ती,

१९१. भात खानेलाई भन्दा पूरा खानेलाई हतार,

१९२. नहुने बेलामा गन्हाउने,

१९३. नाफा खाने चुट्को, सावाँ पनि फुत्क्यो,

१९४. छोरी पायो अर्कालाई, छोरा पायो अर्कोको छोरीलाई,

१९५. जातको न भातको रूप न रङ्गकी,

१९६. यसो न उसो, काम गर्ने बेलामा बूढो मुसो,

१९७. भूइँमा न भाँडामा कुकुरलाई टाँडमा,

१९८. कहिले धार्नी कहिले बिसौली,

१९९. भ्यागुता जति उफ्रेपनि काल्ला मुनी,

२००. नौलो गाईलाई नौ फेर घाँस, पुरानो भएपछि बनमा बास,

२०१. आफ्नो संस्कृति भुल्दै गयो, विदेशी संस्कृति फुल्दै गयो,

२०२. काले कुकुरको जोई, मर्ने बेलामा कोही न कोही,

२०३. बैसमा हजार पोई, मर्ने बेलामा कोइ न कोइ,

२०४. परेवालाई पाउरोटीको के स्वाद,

२०५. हातो नघुमाई जाँतो चल्दैन,

२०६. बाटो सोध्नु जोगीलाई, औषधी सोध्नु रोगीलाई,

२०७. बिगार्नु नै सपार्नु हो,

२०८. तेल बिनाको दियो,

२०९. जस्तो काम उस्तै परिणाम,

२१०. गाजा खाने मान्छे थुक्दै जान्छ, रक्सी खाने मान्छे सुक्दै जान्छ,

२११. भित्ता बलियो लिउनले छोरो बलियो तिउनले,

२१२. मांसहारी भन्दा शाकाहारी उत्तम,

२१३. महलमा बस्नेको भन्दा झुपडीमा बस्नेको मन कमलो,

२१४. बाह्र दिने मान्छेको सय हात,

२१५. लोभी मान्छेको धेरै खर्च,

२१६. अल्छी मान्छे मझेरी ओगट्ने,

२१७. रामलाई मारी, सितालाई पूजा,

२१८. धर्मभन्दा पाप ठूलो,

२१९. तित्रा बास्यो आफूलाई खत्रा,

२२०. खोलो बग्यो समुन्द्र, चेली हराए माइत,

२२१. बोट राम्रो छैन, फल कहाँ राम्रो हुन्छ,

२२२. धनीलाई सधै भेला, गरिबलाई सधैं हेला,

२२३. अल्छीको घरमा बोक्सीको बास,

२२४. राम्रो कुरामा सबैको आँखा,

२२५. खोले खान नपाउनेले, सारी लर्काउने,

२२६. विपत्ति थाहा दिएर आउँदैन,

२२७. इमान भनेको लाख हो, धन भनेको खाक हो,

२२८. आरु फूल्दा घर, पैयु फूल्दा माइत,

२२९. देउ न पित्र, इष्ट न मित्र,

२३०. जो कालो, उही भगवान्को सालो,

२३१. जस्तो काम उस्तै परिणाम,

२३२. माया लाउनु मेलामा, बिहे गर्नु बेलामा,

२३३. भएको बेलामा खातै खात, नभएको बेलामा पुन्पुरोमा हात,

२३४. खानु न पाउनु, बिरालोको काट्टो,

२३५. गुन गर्‍यो बैगुन आइलाग्ने,

२३६. शिरमा टोपी छैन, खुट्टामा खोल,

२३७. आफ्नो कमाई खान्छु रमाई रमाई,

२३८. जनताको आँखा नेता माथि, नेताको आँखा कुर्सी माथि,

२३९. नबज्ने बाजाको सय ताल,

२४०. आगोको लम्काबाट फलाम खारिन्छ,

२४१. मुख भन्दा ठूलो गाँस खान थाले पछि आफ्नै मुख दुख्छ,

२४२. दोषी लडे पछि उठ्दैन, निर्दोषी उठेपछि लड्दैन,

२४३. दिन आफ्नो रात अर्काको,

२४४. थोरैमा पनि आधार भए अडिन सकिन्छ,

२४५. जहाँ कामी भेट्यो त्यहि आरान थाप्ने,

२४६. नहुने मान्छे, ढुङ्गा बराबर,

२४७. भन्यो भन्यो तल्लोघर बुढी जिउँदै,

२४८. घरमा कामी दमाई आयो नून तेलको खती,

२४९. बुन्नु भन्दा तुन्नु निको,

२५०. बिरालो वनमा पस्दैमा बाघ हुँदैन,

२५१. जंगलमा मोतीको कदर हुँदैन,

२५२. मूर्खले नै मुर्खको कदर गर्छ,

२५३. मकैको ठेट्ना खाएर मसिनाको धाक,

२५४. गनगने बाजेको रसै मिठो,

२५५. लुटेको धन डडेको मन कसले गर्छ लिने मन,

२५६. तरुणको साथी मामा, वृद्धको साथी राम,

२५७. दुखको साथी मन, सुखको साथी जन,

२५८. सेल पाक्यो बूढी, तेल पेल्यौ बुढा,

२५९. घर न थर खोजी हिँड्छ बर,

२६०. देश खाओस् न ठेस लागोस्,

२६१. गलेको बूढो र कुहिएको मुढो एकै हो,

२६२. भतेरमा भात पाक्यो, अभागीलाई बात लाग्यो,

२६३. दुखी हासेको र सुखी राएको,

२६४. छोरो पाउनको पिरले बिहे गर्ने मन गऱ्यो,

२६५. खहरेको जंगार तर्नु भगवान् जपेर,

२६६. माइत जानु रमाई रमाई घर फर्कनु

२६७. गोडा कमाई,

२६८. ससुरालीको सिँगार सालाी,

२६९. बाबुको पसिना छोराको फुर्मास,

२७०. चार धाम घुमियो, तिर्थ कहाँ जाने,

२७१. बाखा ब्याएको खुसीमा राँगा काटी भोज,

२७२. एउटा जाडोले जीवन जाँदैन,

२७३. चामल भए बस्ला, भुस भए उड्ला,

२७४. धर्म कर्म खोलामा, चामल पैसा झोलामा,

२७५. लोभीको आँखा अरुको भागमा,

२७६. पाप फैलियो पुण्य ओइलियो,

२७७. कुहिनाले हानेर, पहरा ढल्दैन,

२७८. मोही खानेले घिऊ खान्छ, साग खानेले किरा खान्छ,

२७९. कन्धनी पनि कस्न खोज्ने, कम्मरको पनि माया लाग्ने,

२८०. मान्छे राम्रो के राम्रो बैश राम्रो त्यो राम्रो

२८१. भुसुनाको ख्याल ख्याल हात्तीको विहाल,

२८२. परदेशको मित्र बूढापाकाको अर्ति,

२८३. भोट  गए कोट लगाउनु, काशी गए राखी बाध्नु,

२८४. मुख  छोडी नाकले पानी नखानु,

२८५. झिंजाले मूढो डलाउँछ,

२८६. जति दही मथे पनि मदानी नाङ्गै,

२८७. मुखै मित्र मुखै शत्रु,

२८८. पधेरोको  गफ घरभित्र उछित्तो,

२८९. मिहो त गाडियो दाइँ केको गर्ने ?

२९०. जजमानको सिरी खुरी पण्डितको ढुकुटी,

२९१. डण्डी काटी बियो, घन घोटी सियो,

२९२. जोत् बाबु हलो, यसले गर्छ भलो,

२९३. के खानु भोज, फिस्टेको शिकार गरी,

२९४. किन फुलिस् फूल भमराले चुस्न,

२९५. बाँसको ढुङ्ग्रो बन्दैन मुङ्ग्रो,

२९६. जिउ पऱ्यो सखी, कर्म पऱ्यो दुखी,

२९७. जब बिग्रियो मति अनि लाग्यो उधो गति,

२९८. जति भान्सा उति खर्च,

२९९. ढाडको खालो, काखको बालो, सबको प्यारो,

३००. खानेलाई चारो कमाउनेलाई गाह्रो

३०१. काल टऱ्यो दुखमा पऱ्यो,

३०२. आशै आशको घर कसले दिन्छ भर,

३०३. खुट्टा भए जन्ता रोजी रोजी,

३०४. पर्सेको बोको कति दिन बाँच्छ,

३०५. कर्म गर्नेलाई धर्मको खाँचो पर्दैन,

३०६. खुर्पाको रूप बिँड

३०७. खेल्न भन्दा हेर्न सजिलो

३०८. ख्याल गर्दा प्याल हुन्छ,

३०९. बाहेश्वरीको डाँडामा महादेव जल कसरी पुऱ्याउँने,

३१०. मात्तिएको डिङ्गगो सल्यानमा बेच,

३११. धामीको टुनामुना बिरामीको औकात अनुसार

३१२. गाई पनि दुहुन्न, खिर पनि खादिन,

३१३. भाले बास्यो, पोथी छुनुमुन,

३१४. शिरको टोपी जुम्रालाई ओत,

३१५. चिची पनि मिठो, पापा पनि मिठो,

३१६. केश ढलोस् बंश नढलोस्,

३१७. खेत बगेको होइन, छेत पन्सिएको हो,

३१८. फूल झर्दैमा रुख मर्दैन,

३१९. घरको सल्लाह नगर्नु हल्ला,

३२०. घर डढेको देखिए पनि मन डढेको देखिदैन,

३२१. खरानीको लागि घर नडाढाऊ,

३२२. अपूतो श्रीमति र थारो भैसी के काम,

३२३. घरको मालिक समाजको नोकर,

३२४. घाँटीको हाँड निल्नु न ओकल्नु,

३२५. घाम छँदै विस्कुन, उमेर छँदै बिहे,

३२६. घ्याम्पोमा धान भए पो ओखलमा ढुकढुक,

३२७. ठूलाबडा मेरा, गरिबमारा तेरा,

३२८. बनको धन, मेरो नभन,

३२९. सौतेनी आमाको माया घाम न छायाँ,

३३०. बाँस जति बढ्यो, उति निहुरिन्छ,

३३१. टुप्पामा त पुगिस् खस्दा थाहा पाउलास्,

३३२. चुलेसीको शिर ठाडो हुँदैन,

३३३. पानी पोखाएर खोला बन्दैन,

३३४. चेलीको बानी खरानी पनि लानी,

३३५. सल्यानटारको पाहुना, चुठ्न भन्दा, पुछ्न सिक्नु,

३३६. काउलेको भोटे, ढिडो खाएर मोटे

३३७. शिद्धलेकमा शिव पार्वती, कुमार भने कालीदाह,

३३८. चोरलाई बितायो चन्द्रमाले,

३३९. औशीको रात बढ्छ चोरको आँट,

३४०. धान पाक्यो छोरी मंसिर लाग्या हो बा.,

३४१. पानीमा घारघुर गरेर घिउ लाग्दैन,

३४२. छेपारको रङ्ग अनेक ढङ्ग,

३४३. लाटोकसेरोले हतार गर्दैमा साँझ पर्दैन,

३४४. पाकेको फल आँ गर्दैमा झर्दैन,

३४५. ढोडको आगो चुलो मात्र कालो,

३४६. जंगलको रुवाई कसलाई सुनाई,

३४७. भोटेको तिघ्रा, केराको थाम,

३४८. जंगलमा मयुर नाच्यो कसले स्याबास गर्ने,

३४९. विष्टको सम्पति नै मेरो सम्पत्ति,

३५०. दुष्ट सन्तान, कूलको ऐरेलु,

३५१. औषधी भए कुतिको विष्ट पनि खानु,

३५२. छोरा त जन्मियो, तर अन्धो,

३५३. स्यालको गोठालो फिस्टा,

३५४. मुसो बनी छिर्ने, बाघ बनी निस्कने,

३५५. आयो पुस गयो फास फुस,

३५६. जन्म दिन सक्नेले कर्म पनि दिन सक्नुपर्छ,

३५७. जसले खोला तर्छ, उसले खोलाको गहिराई बुझ्छ,

३५८. रामकोटेको विशेषता हाँडीगाग्रो,

३५९. जत्रो मुख, उत्रै गाँस,

३६०. जसले गर्छ सत्यनाश, उसले जान्दछ परिपाठ,

३६१. मासको खेती त गरियो, दाल कसले खाला,

३६२. बच्चा भएको माउ, कुकुर र हतियार बोकेको सिपाहीको विश्वास हुँदैन,

३६३. कर्म फुट्यो भाग्य लुट्यो,

३६४. जहाँ माछा उही दुवाली,

३६५. खिर्रो होस् बाङ्गो होस् तर नाङ्गो नहोस्,

३६६. काग करायो चल्ला हरायो,

३६७. भऱ्याङ चढेर शिखर पुगियो तर लात्तो लागेछ,

३६८. बाह्र वर्षमा खोलो फर्क्यौं,

३६९. डुलुवा कुकुर, अगुवा शिष्य काम लाग्दैन,

३७०. बिहे गर्नेलाई भन्दा भतेर खानेलाई हतार,

३७१. बाघ पाल्न त खोजयो, घरमा बाख्रा छन्,

३७२. नहुने बेलामा गन्हाउने,

३७३. सोझो औंलालाई बाङ्गो औंलाले अल्झाउँछ,

३७४. साँखुको कामी, खुर्पामा नामी,

३७५. गुरुङ, मगर रङ्ग रस, नेवार, बाहुन भित्र पस,

३७६. छाता त किनियो, घाम पाानीबाट जागाउनु पर्ने,

३७७. फाँटभरी खेताला आफ्नो काम आफैलाई,

३७८. मुसाको घरमा सर्पको बास,

३७९. साथी सबै पुगे देश आफ्नो भने जागीको भेष,

३८०. गर्भ र स्वर्गको अनुभव कसैले वर्णन गर्न सक्दैन,

३८१. ढङ्ग अनुसारको फल,

३८२. सप्रे मेरो काम, बिग्रे तेरो काम,

३८३. पोखिएको कुरा र फैलिएको हावा छेकिदैन,

३८४. दुष्ट व्यक्ति पनि सन्तानको लागि भगवान्

३८५. समयले नेटो काट्यो बल्ल बुद्धि पलायो,

३८६. हजार गुनलाई एक बैगुनले स्वाहा,

३८७. भिरमा फलेको फर्सी के ठेगान,

३८८. सयजनाको बल, एक जनाको अक्कल,

३८९. सिदा उठाउन नपरे त श्राद्ध धेरै सजिलो,

३९०. हरूवा साँढे डुग्रन बिर्सन्छ,

३९१. सानाको रास ठूलाको गाँस,

३९२. कर्साको भूत देवता सरह,

३९३. साहुको धन र काठको खुट्टाको भर हुन्न,

३९४. सिकर्मीको घर थोत्रो,

३९५. सियोले घोचेर इनार खनिन्न ,

३९६. घर भए घडेरी के दुख,

३९७. सिस्नो नपाउनेलाई खिर नपच्ने,

३९८. हसिँया सधैँ आफै पट्टि फर्कन्छ,

३९९. खोरिया बेचेर फरिया लगाउने धोको,

४००. मेरेको छोरो भगवानको सन्तान,

४०१. भाचिएको खुट्टा र भास्सिएको गह्रा एकै हुन् ।

४०२. हात्ती दिउला भन्ने पाउँदा बोको नछाड्ने,

४०३. मकै नपाउनेले सिरौला पाएको,

४०४. छोटो मानछेको मोटो बुद्धि,

४०५. जात्नेको बारी, पोत्नेको घर,

४०६. दुई दुनाको हिसाब नजान्नेले निसाफ छिन्ने फुर्ति,

४०७. पण्डितको काम जनै बोक्ने बहान,

४०८. नेवार व्यापारी बाहुन टपरी,

४०९. कामी दमैको बोली कहिल्यै आउँदैन भोली,

४१०. रातभरी गाउँ डुल, दिनभरी सपनामा भुल,

४११. राम्रो मान्छेको चाम्रो व्यवहार,

४१२. भाले बास्यो बैश लाग्यो, पोथी बास्यो काल आयो,

४१३. जो पापी उही सधैँ माथि,

४१४. बाबु मरे घ्यू र भात, गोरु मरे पुपुरोमा हात,

४१५. कुत्ताको लखेटाई जुत्ताको सास्ती,

४१६. कनिका खैत छोरी काकीले छोरको भन्दिन म,

४१७. साधुलाई सेल, चोरलाई जेल,

४१८. बंश नासियो त अंश थपियो,

४१९. सम्धीले बारेको बार, कुखुराले भतकायो,

४२०. गरिबको घरमा सबैको भुडी ठूलो,

४२१. अरुको अन्याय सहन्न, आफ्नो अन्याय कहन्न,

४२२. विग्रने बेलामा, घुचुक्कमा बुद्धि

४२३. बालुवा निचोरेर तेल आउँदैन,

४२४. फुर्सद भए कुरा लोग्ने भए पूरा,

४२५. करायो कि समचार ल्यायो,

४२६. कहाँ जान्छेस् छोरी दुई हातले खाने ठाउँमा,

४२७. नेता माग्ने भोट, जनता माग्ने नोट,

४२८. पकाए चपाउन सजिलो, तताए बदल्न सजिलो,

४२९. मागे मगन्ते घुमे फिरन्ते,

४३०. रात पर्नु कहिले टुकी बाल्नु हतार,

४३१. जंगलमा बस्नेले सिंहसँग सिगौँरी खल्ने,

४३२. जति ढाट्यो उति मति बिग्रीयो,

४३३. लोभ हुर्क्यो पाप जन्म्यो,

४३४. धर्म अस्तायो पाप उदायो,

४३५. कुटाई  छेक्न सकिन्छ, बोलाई छेक्न सकिन्न ,

४३६. दुष्ट भएपनि आमा र गर्मी भएपनि घाम त्याग्न सकिन्न,

४३७. नदुखेको मन र नडढेको मन पाउन सकिन्न,

४३८. रुनु एकान्तमा बसी, हाँस्नु माझमा बसी,

४३९. पायो भन्दैमा आगो खान सकिन्न,

४४०. तीन वटा गोरु हल पक्का, दुई वटा श्रीमती घर पक्का,

४४१. नक्कल गर्नु तर सिरोधार्या नगर्नु,

४४२. खाउँ साँच्ने मन नखाउ बाच्ने मन,

४४३. तन भन्दा धन ठूलो हुन्न,

४४४. जसलाई गऱ्यो हेला उसको पऱ्यो फेला,

४४५. नफूलेको फूलबाट बास्ना आउँदैन,

४४६. नटोक्ने कुकुरेले घरको सुरक्षा गर्दैन,

४४७. खान नपाएको अमृत विष बराबर,

४४८. पाउन नसकिने कुरामा के चासो,

४४९. आफ्नो लोग्ने स्वास्नी कुटुवा, अरुको लोग्ने गाला चटुवा,

४५०. आकाशको तार जति चम्किएपनि धर्ती अँध्यारो,

४५१. दूध दुहुन भन्दा अघि थुन पगार्नु पर्छ,

४५२. नपाउन्जेल कुन पाएपछि खुन,

४५३. नहुनेलाई खिर नपाउनेलाई पिर,

४५४. इज्जत गयो गुन्द्रुक चोरेर

४५५. दहीको स्वाद मोहीले दिन्न,

४५६. जति लाम्टा चुसे पनि आफ्नै आमाको

४५७. रिस मार्नु थाङ्ना कुटेर,

४५८. दाइको कमाई भाउजूको खटाई,

४५९. दिई खान परोस् मागी खान नपरोस्,

४६०. देवतालाई पूजा, भोकोलाई भूजा,

४६१. गफाडीको गफ मिठो, श्रीमान्को पूरा मिठो,

४६२. तावाबाट उम्कें भुङ्ग्रोमा परें,

४६३. जति भात पस्के पनि पन्यूले स्वाद पाउँदैन,

४६४. पिना खानेले तेल बाकी राख्दैन,

४६५. रिसाउनेको मुख कालो,

४६६. जोगीको देशमा खरानीको दुख,

४६७. जो बटारिन्छ उही मठारिन्छ,

४६८. जसको बुईमा बस्यो उसको आङमा पिसाब गर्नु,

४६९. जुवाडेको स्वास्नी कति रुनु कति हास्नु,

४७०. शक्ति भए जुक्ति रित्याउनु,

४७१. सबैको लात खाएपनि भऱ्याङ सहनशिल हुन्छ,

४७२. झटारो त हानियो, तर आँप कुहिएको रहेछ

४७३. भारी बोक्नेलाई थाप्लोको पीडा थाहा हुन्छ,

४७४. पानीले तेल धुनु र सौताको खुट्टा मिच्न सकिदैन,

४७५. जति बिरालो सप्रियो उति मुसाको नास,

४७६. जहाँ भ्यागुता उही सर्प,

४७७. नुन खानेको खुन बचाउनुपर्छ,

४७८. निर्धोको शत्रु रिस,

४७९. जुत्ता जति सुन्दर भएपनि खुट्टाको खोल,

४८०. जुन औलामा विष लाग्यो त्यही काट्नुपर्छ,

४८१. कुखुराको गोठोलो स्याल,

४८२. घरमा नुन सकियो, उति तिउनमा चर्को चाहिने,

४८३. खेत नहेर्नु, खेतको कुलो हेर्नु,

४८४. दश छोरी सबै गई एक छोरी घरभरी भई,

४८५. अर्काको सम्पत्ति भेडाबाख्राको रजाई,

४८६. चोरको सम्पत्ति राजो ढुकुटी,

४८७. उम्लिए पोखिन्छ, मात्तिए नासिँछ,

४८८. छोरी बढि बाबुलाई पिर

४८९. छोरो मऱ्यो औषधी पत्ता लाग्यो,

४९०. घाम लाग्यो चोरको निद्रा खुल्यो,

४९१. खोले खानेलाई खिरको के स्वाद,

४९२. पखाला लाग्यो, आमै भटमास खा बुहारी,

४९३. छोरीको जन्म हारेको कर्म,

४९४. गौथलीको मेहनत मनुष्यलाई शिक्षा,

४९५. भिरबाट गाई लड्यो, सार्कीलाई दशैं आयो,

४९६. छोरीको बाउ सहनसिल बन्दै जाउ,

४९७. घोडा त किनियो काठी कहाँ खोज्ने

४९८. जसको व्यवहार उपिया उ गाउँको मुखिया,

४९९. विष पिउनेले अमृतको स्वाद हुँदैन,

५००. सुर्ति खाएर फुर्ति निकाल्ने,

५०१. बैधार मऱ्यो धामीको जगजगी,

५०२. बनमा एक्लै नबस्नु, भोजमा एक्लै बस्नु

५०३. बिरालोको पिसाब रातमा चम्कन्छ,

५०४. बितेको कुरामा सुर्ता आउने दिनको चिन्ता नगर्नु,

५०५. भन्न सजिलोगर्न गाह्रो,

५०६. भाग्यमानीलाई परी परी आउँछ, अभागीलाई टरी टरी जान्छ,

५०७. भात खाइयो, पानी खाने ठाउँ बसेन,

५०८. काम गर्दा पसिना, खाने बेला मसिना

५०९. मुखमा दाँत छैन सुपारी खाने रहर

५१०. भालुको कपाल त समाए, कसरी छोड्ने,

५११. भुक्ने कुकुर र झुक्ने भक्तसँग डराउनु पर्दैन,

५१२. भैसीलाई ब्याण्ड बाजाको सूर,

५१३. भैसी बेच्दा पाडाको मोल मोलाई,

५१४. हात्ती काटेर कमिलो बन्दैन

५१५. भोकोले भात प्रेमीले जात हेर्दैन,

५१६. किन खाइस् मंगले आफ्ने ढङ्गले,

५१७. मन बलियो भए जितिन्छ, मन कमजार भए हारिन्छ,

५१८. देश खाएर शेष भएपनि भेष बदलिएन,

५१९. स्याललाई फोक्सोको भारी,

५२०. मर्नु गाह्रो बाच्नु झन् गाह्रो,

५२१. मरेको व्यक्तिको गनु नसम्झनु,

५२२. मलामी जानेले बाँच्छु भन्दैन, जन्ती जानेले मर्छु भन्दैन,

५२३. मागेको रोटीले पेट भरिदैन,

५२४. माखो निचोरेर बोसो आउँदैन,

५२५. मकै पिन्दा घुन पिधिन्छ,

५२६. बिरालोको जुठो र कुकुरलाई छाई नखानु,

५२७. सती जाने आट भए रानी बन्लास्,

५२८. भगेराको चुच्चाले भुई भत्काउँछ,

५२९. सबैभन्दा चोखो मन सबैको प्यारो धन,

५३०. भिखारीलाई सम्पत्तिको के माया,

५३१. थोते गीत गाउँछ लङ्गडो नाच्छ, अन्धो हेर्छ,

५३२. खरको छानामा चाँदीको ढोका,

५३३. दाँत हुनेले खोले पिउँदैन,

५३४. खुर्पाले आफ्नो बिड चिन्दैन,

५३५. कलिको देवता बलिले टेर्दैन,

५३६. बौलाहा कुकुरको औषधी पानी,

५३७. खुड्किलो चढ्न नसक्ने शिखर पुग्ने रहर,

५३८. कालो हेर्नु कौवा, बास बस्नु पौवा, माछो मर्नु मौवा,

५३९. हात हेर्नेले जात हेर्दैन,

५४०. फरिया लगाउनु इज्जत जोगाउनु,

५४१. भुडी दुख्यो, अझै केरा खान्छन् बुहारी,

५४२. ढेडुको गालामा हिराको हार,

५४३. पोइल गएकी बुहारी नाती कोसेली ल्याइछ,

५४४. घाम लागे किन लागिस् ब्वज्जर, पानी परे कति परेको चिर्को,

५४५. कुखुरा चोरले भैंसी पनि चोर्छ,

५४६. मान्छेको जीवन कर्कला पातको पानी,

५४७. छोरी पाइस् बुहारी पिनाको अचार खा,

५४८. अबुझलाई बुझाउनु कुकुरलाई पुराण सुनाए जस्तै हो,

५४९. दुनियाको महारानी भए पनि महाराजाको त जोई,

५५०. लक्ष्मी माताको पोइ साँढे,

५५१. अघि मारी पछि जगाउने,

५५२. कुहिरोको काग जता गएपनि अलमल्ल,

५५३. भैसीको  दाना गाईले खान्न,

५५४. अल्छीलाई गफ आउँछ, दुखीलाई गीत,

५५५. अन्धोलाई संसार हेर्न दुरबिन,

५५६. भित्र खोले खाएपनि बाहिर राम्रै लगाउनु,

५५७. हुर्केको छोरी चेली गालको भारी,

५५८. रिस उठे कर्कलाबारी फाड्छ,

५५९. खाए कसैले देख्दैन, लाए सबैले देख्छ,

५६०. बाउको इज्जत छोरीको हातामा,

५६१. राडी मरी गाल टरी,

५६२. आफैले जाल बुनियो आफै त्यसमा परियो,

५६३. आफ्ना आँखा आफैले देख्दैन,

५६४. आफ्नो मर्नु अर्काको भन्नु,

५६५. उपकारी मर्‍यो, उपकार सकियो,

५६६. सिंहको दात झिकेर हात न हतियार,

५६७. गाई खानेले गोरु बाँकी राख्दैन,

५६८. थारो मकै गोडमेल, समय बुत्याउने बाटो,

५६९. बाबु आमाको ठेगान नहुनेले कुल गोत्रको बखान,

५७०. बारी पाए जोतौला, घर पाए पोतौला,

५७१. कपाल बाटेर डोरी बन्दैन,

५७२. फाटेको दौरा नपाउनेले कालो कोटको सोख,

५७३. एक बित्ताको खुट्टामा दुई हातको नङ,

५७४. सधै आउने ज्वाईको छाया नै कालो,

५७५. भोटेको गुन ऊनको सून,

५७६. बाखी ब्याएर दुध न मोही,

५७७. गोरु बुढो भए राम्चेको वनमा चराउनु,

५७८. आकाशमा बादल उठ्यो, ओख्ले फाँटमा धान झुल्यो,

५७९. काट्ने छुरा र ढाट्ने कुरा धेरै नखेलाउनु,

५८०. दशै टार्नु फापरको ढिडोले,

५८१. सम्धिनी मरी बूढी, छोरी मालिक्नी भई बूढा,

५८२. लाई सार न खाई सार, मरेपछि लम्पसार,

५८३. लाखले चाटेपछि नदी पनि सुक्छ,

५८४. लाटाको धन र निर्धाको स्वास्नी भाग्यले ठगेको,

५८५. लाटीको छोरो गाउँ न बेशी,

५८६. घरको बाघलाई बनको स्यालले पनि लखेट्छ,

५८७. चार चौरस डुल्यो घरबार भुल्यो, हात लाग्यो सून्य अब खरानी नधसी हुन्न,

५८८. स्याललाई दशा लाग्यो भने सहर पस्छ,

५८९. ढाक्रेको बास दाउरा पानीको नास,

५९०. काम गर्दा नोकर जस्तो, खानेबेला हाकिम, सुत्नेबेला कुकुर,

५९१. जति छोरो हुर्कियो उति बाबुलाई डर,

५९२. बिहान भरी घुमियो मावली गाउँ, हातमुख जोर्न घरमा नै जाऊ,

५९३. छोरा छोरी नहुनेलाई एक शोक, छोरा छोरी हुनेलाई हजार शोक,

५९४. कामीको हातमा फलाम पनि प्युरी,

५९५. अरुको आश गर्नेले भोको पनि बस्नुपर्छ,

५९६. चोरको छोरालाई सबैले चिन्छन्,

५९७. आफ्नो पेट भर्ने भए देवीको भाकल गर्नुपर्छ,

५९८. पाँच भाइ छोरा, कुन साग कुन कुसाग,

५९९. प्रेम गर्न नजान्नेको नाम प्रेम कुमार,

६००. स्वास्नीको कुटाई खाएको मानिस चुरा बज्दा पनि तर्सन्छ,

६०१. भगवान्को पूजा गर्नेले मनको पूजा गर्न बिर्सन्छ,

६०२. भाग्य सप्रियो भने गोरु पनि ब्याउँछ,

६०३. छोरा जन्माउन खसम नै चाहिन्छ भन्ने छैन,

६०४. खुकुरीको दापमा तरबार राख्न सकिन्न,

६०५. छुरा चलाउन नसक्नेले तरबार चलाउने फुर्ती

६०६. गाईको अनुहार गोरु, खुर्सानीको रुखमा झुन्डिएर मरु,

६०७. कुर्सीको नेता लिसोमा टासिएको जुका,

६०८. घर बिगार्न सक्नेले देश पनि बिगार्छ,

६०९. नङ फुले कपडा लगाउन पाइन्छ, कान चिलाए मोटाइन्छ,

६१०. बुढी पनि मरी झन्झट पनि टरी,

६११. स्याल कराउँदा तर्सनेले बाघ समाउने धक्कु

६१२. आँखा नदेख्नेलाई कुन दिन कुन रात,

६१३. जाँड खानेले दही खान्न, चोरी खानेले गरी खान्न,

६१४. एक हतमा आँशु, एक हातमा गासु,

६१५. फूल कोरल्न नजान्नेले बच्चा चराउन रहर गर्ने,

६१६. हिउ पोलेर कालो बन्दैन, मुर्दाले आफै चिहान खन्दैन,

६१७. भात खाने मुखले रामराम पनि जप्नु जान्नु पर्छ,

६१८. सिन्दुर न पोते, घर न थर, काखमा बाला छ किन चाहियो बर,

६१९. सियोको घाउले ज्यान लिन सक्छ,

६२०. शरीर बलिया सिस्नुले, भऱ्याङ बलियो लिस्नुले,

६२१. खान नपाएको आप कुहिएको बराबर,

६२२. बलेको आगो उर्लेको नदी, खेलौना मान्नेको हुन्छ खति,

६२३. दौरा च्यात्तिएर पनि तुना नयाँ छ केको डर?

६२४. जीउ धन सरकारी, मुसा मारी तरकारी,

६२५. हाँसे रोइन्छ, लडे उठिन्छ,

६२६. नुनपानी खान नसक्नेलाई सुनपानीको धोको,

६२७. चन्द्रमा भन्दा घाम ठूलो, बुजो भन्दा भ्वाङ ठूलो,

६२८. उफ्रन खोज्नेको खुट्टा लुलो, धान रोप्न खोज्नेको खेत मुनि कुलो,

६२९. कुकुर धोएर मृग हुन्न, नामर्दलाई बोकेर आकाश छुन्न,

६३०. हनुमानको बहादुरीमा ढेडुवाको हर्ष,

६३१. पानी तातो आगो निभाउँछ,

६३२. भोक नटेर पनि छाक टरोस्,

६३३. खुकुरीको चोट नखाने र मनमा पिर नभएको मानिस हुँदैन,

६३४. मुसाको दूधमा खिर पाक्दैन,

६३५. बाँचे देखिन्छ नानीको बिहे,

६३६. हाँस्नेको मुख सधैँ मिठो, रुनेको मुख सधैँ तितो,

६३७. हत्केलाको ठेलाले भाग्य निर्धारण गर्छ,

६३८. सुखको सबैभन्दा ठूलो शत्रू चिन्ता,

६३९. हस्तरेखाको भविष्यवाणी अध्यारोको झटारो,

६४०. बाबु आमाको सुख सन्तानमा भर पर्छ,

६४१. मन खुसी भयो त सुखको मूल फुट्यो,

६४२. हँसिया राम्रो बाङ्गो, नानी राम्रो नाङ्गो,

६४३. एक सुरेको एक ताल चञ्चलेको बेसुरे ताल,

६४४. चियो चर्चा गरेर भुडी भरिदैन,

६४५. आफ्नो मानो खानु, अर्काको कुरा नकाट्नु,

६४६. बनमा जाने शिकारीको घर फर्कने ठेगान हुँदैन,

६४७. असल काम गर्नु नाम बिकाउन,

६४८. शासकलाई दशा लागे जनतामाथि शोषण गर्छ,

६४९. भतेर खान बस्नेले अरुलाई हेर्न हुन्न,

६५०. हजुरबाको छाता जुत्तामा नाति सुरक्षित हुन्छ,

६५१. मुख मिठो भए तितो पाति पनि खान्छ,

६५२. गीत सकिएपछि ताली बजाउने, बैश सकिएपछि पोइल जान खाज्नेलाई कसैले हेर्दैन,

६५३. आसे गाँसे मुखमा हेरमा आफ्नो पेट भरिदैन,

६५४. धनको पखेटा हुन्छ,

६५५. भैसी फुके त डर थिएन, भिर नजिकै छ र पो डर भो,

६५६. ऐसेलु नछोड्नेले काक्रो बाँकी राख्दैन,

६५७. बूढीको गनगन सकियो, बूढाको ठनठन सुरु भो,

६५८. आँट हुनेले हात लाउँछ, बिरह हुनेले गीत गाउँछ,

६५९. स्यालको बिहेमा कुकुर भान्से भोज खाने बिरालो,

६६०. मुसा र बिरालोको मित्रता घाम छउन्जेल,

६६१. मुसालाई काशी यात्र लैजाने बिरालो,

६६२. साधु चढ्यो सुली, चोर हिड्छ डुली,

६६३. राजा गरिब भएको र प्रजा धनी भएको,

६६४. जुन रुखको फल खानु उही रुखको जरा खन्नु,

६६५. बाहिरी कालो धुन सकिन्छ, मनको कालो धुन सकिन्न,

६६६. नजुरेको साइतमा अगाडि बढियो, खाडलमा परियो,

६६७. उचालेको गाँस कति बेर रहन्छ,

६६८. धान खाने मुसो, चोट पाउने भ्यागुतो,

६६९. शिकार खेल्दाको भोक बाबुले देख्छ, गोठालो जाँदाको भोक आमाले देख्छिन्,

६७०. चिप्लो मुखको धमिलो पेट,

६७१. घाम लागेको पाली बयली, जुनेली रातमा विस्कुन हाली,

६७२. काम गर्दा साथ खोज्ने खाने बेला साथ ताड्ने,

६७३. बोल्छ पुऱ्याउन सक्दैन,

६७४. पाए ज्ञान बाच्छ, ज्यान नपाए ज्ञान एकै चिहान,

६७५. घिउ चिनी बिनाको खाना, बोक्सीको दाना,

६७६. थाल गालेर कचौरा बनाउनु पर्दैन,

६७७. दान बिनाको ज्ञान मकै बिनाको धान,

६७८. निर्धोको रिस ठूलो, परिश्रम नगर्नेको इच्छा ठूलो,

६७९. गाई न गोरु घरभरी गोठालेको घुइँचो,

६८०. लाटाको गीतमा बहिराको ताली,

६८१. निसाफ गर्ने मुखियाको मुखभरि बुजो,

६८२. घरमा क्षत पाल्यो कालो कुखुराको नाश,

६८३. अन्धालाई समय हेर्न घडी,

६८४. बाच्छो दाए बहर हुन्छ, खिर पनि धेरै खाए जहर हुन्छ,

६८५. हाड निल्ने कुकुरलाई पानी अड्कन्छ,

६८६. आगो खेलौना बन्दैन, साढेले आमा भन्दैन,

६८७. गन्धर्वको घरमा तार छिनेको सारङ्गी,

६८८. बैशको चेली, चैत्रको बेली सबैको पयारो,

६८९. कोक्रामा नानी रुदै आमा पोइल जाने साइत हेर्दै,

६९०. खुकुरी चलाउन जान्नेले कर्द पनि चलाउछ,

६९१. टाढाको सन्तान मुटुको टुक्रो नजिकको सन्तान तालुको पिलो,

६९२. आफ्नो आमा बाबु रिझाउन नजान्नेले दुनियालाई रिझाउन सक्दैन,

६९३. मन नपरेको छोरो जति असल भएपनि जाठाँ,

६९४. उठेर रोपी बसेर काटी खाने बेला हात मात्र चाटी,

६९५. मृगको हुलमा बाघ पस्यो, कुन चाहिलाई दशा लाग्यो,

६९६. सिरौंला टोक्न नसक्ने सुपारी चपाउन तम्सने,

६९७. अन्तर्मुखी आफू दु:खी बन्छ, बर्हिमुखीले अरुलाई दु:खी बनाउँछ,

६९८. आफू मान्द्रो ओढ्यो, अर्को झन् भकारी ओढ्ने,

६९९. ओठ त चाटे आमा झुठो खाको छैन,

७००. सहनसिल मान्छे र अचानोमा भेद छैन,

७०१. कुलो पैनीको झगडा हिउँद लाग्दा साम्य हुन्छ,

७०२. चिन्ता न चिन्तन प्रगतिको संवाहक,

७०३. भदौमा मकै पाक्यो अनिकाल भाग्यो,

७०४. फापरको ढिडो कोइरालीको झोल, खान भन्दा जिब्रो मात्र पोल,

७०५. प्यास लाग्यो भन्दैमा खोला मुखमा आउँदैन,

७०६. झिङ्गाले पनि आफ्नो सुरक्षा आफै गर्छ,

७०७. हात मुख पोले, खानु मात्र खोले,

७०८. मकै रोपेर भटमास फल्दैन,

७०९. खेत न बारी, हिड्छ गोरु नारी,

७१०. सिकर्मी काम गरेपनि हलो काट्न नसक्ने,

७११. भान्साको परिकार भन्दा भान्सेको सीप मिठो,

७१२. जो पानी मरुवा उही भालु हेरुवा,

७१३. आफ्नो घरमा जसो गरे पनि पाइन्छ,

७१४. निहु कहाँ, आँखा घोचेको,

७१५. रोएर बैश फिर्ता आउदैन,

७१६. माटोको खाल्टो माटोले नै पुर्दा बलियो हुन्छ,

७१७. कान्छा बाबु मऱ्यो चुलोको छाकै टऱ्यो,

७१८. अर्काको व्यथा हामीलाई के थाहा ?

७१९. पल्लोघरको हल्ला खल्ला, लुतो न कन्याई,

७२०. खेती सपार्नु गोडेर मान्छे सपार्नु नाता जोडेर

७२१. हुल्याहाको सन्तान छुल्याहा,

७२२. घर छ, दरबार गर्दैन घरबार,

७२३. कुना छोड्नाले खेती बिग्रीयो माइतमा बस्नाले छोरी बिग्रियो,

७२४. सर्पले टोकेपछि डोरी देख्दा पनि डराउँछ,

७२५. काग नछोड्नेले मयुर किन छोड्थ्यो,

७२६. मट्यांग्राको शिकारलाई सिसाको गोली,

७२७. आमाबाबुले दिन्छ, छोराछोरीलाई कर्म छोरा छोरीले गर्नुपर्छ बाबुआमालाई धर्म,

७२८. रामनाम जप्दैमा स्वर्ग पुगिन्न,

७२९. पाहुना लागे आफ्नो घरमा, आफू हिंडे मित्रको घरमा,

७३०. अन्धाको देशमा लंगडाको हैकम,

७३१. निर्धो छोरो सबैको नोकर, बलियो छोरो सबैको मोरो,

७३२. कन्डो पछाडि कुरा काट्नेको कुनै औषधी छैन,

७३३. डाडु दिएर खड्खखडा तान्ने,

७३४. हात चाट्न दियो, ज्यानै चपाउन खोज्ने,

७३५. गफाडीलाई साथ प्यारो, भोकोलाई गाँस प्यारो,

७३६. ठूलो स्वर गर्नेले कहिल्यै हात छोड्दैन, हात छोड्नेले मुख फेर्दैन,

७३७. आफू दुश्मन त जगतै दुश्मन, आफू मित्र त जगतै मित्र,

७३८. माले बगरमा गिद्ध नाच्यो गाउँबाट कसलाई लैजान्छ,

७३९. अभागिको रिस धेरै भाग्यमानीको मिजास धेरै

७४०. बिरामी परे छोरा, काल पर्ख आमा,

७४१. छोरा छोरी त जन्मिए आफैलाई खाने,

७४२. आँट नहुनेको हजार सोच, आँट हुनेको एकै सोच,

७४३. भतुवालाई भात दियो, पल्काउनु मात्र भयो,

७४४. छोरा न छोरी बडा बडा पाटामा तोरी,

७४५. आफ्नो कमाई खानु रमाई अरुको कमाई खानु पुर्पुरो समाई,

७४६. लेऊमा टेक्ने चिप्लिन्छ, खिर खाने पल्किन्छ,

७४७. हाडीमा भुट्ने मकै छैन, थाक्रो बनाउन रहर,

७४८. रिसाह बिग्रियो रिसले, सुताहा बिग्रियो निदले,

७४९. श्राद्ध गर्ने ब्राह्मणको आँखा टपरीको चामलमा,

७५०. कोठेरानीको श्रृगार कोठाले मात्र देख्छ,

७५१. अन्धोलाई दिन न रात, भोकोलाई जात न भात,

७५२. गर्‍यो गर्‍यो काम खाने बेलामा छैन दाम,

७५३. मान्छेको जुधाई भट्टीमा कुकुरको जुधाई हड्डीमा,

७५४. देश छिरेको भाइ र बनमा हराएको गाईको कुनै ठेगान हुँदैन,

७५५. फैलियो बाँस अन्नको नास, पोइ मरी गयो कसको गर्नु आश,

७५६. हिउँ पोलेर कालो हुँदैन, अंगार माझेर सेतो हुँदैन,

७५७. मसिनाको भातमा पिनाको झोल, किन्नु छ बोका भैंसीको मोल,

७५८. खुकुरीले काटेपछि सियोले घोच्न केको डर,

७५९. मादलको तालमा मारुनीको नाच्, एक बित्ते कम्मर सात ठाउँमा भाच्,

७६०. इमानीले बोल्छ एक बात, बेइमानीले बोल्छ, हजार बात,

७६१. धनले शत्रु र मित्र छुट्याउँदैन ।

७६२. बाबुको बिहेमा छोरो लोकन्ती,

७६३. कोक्रामा बसेर महाभारत कथ्ने,

७६४. जति उमेर ढल्दै गयो, उति बैश उर्लने,

७६५. मानापाथि छोएपछि तलमाथि गर्नुहुन्न,

७६६. विश्वसुन्दरी पनि पाइखानामा नाङ्गो हुन्छ,

७६७. बाखीको सिङ् संख वा मुरली,

७६८. खेती न पाती खाने बेलामा बिस जना ताती,

७६९. कर्म हारा भएपछि धर्म छाड्न कतिबेर,

७७०. सिस्नोको फाडो खानु जिब्रो मात्र पोल्नु,

७७१. देउसी त खेलिस् दान लिन चैत्रमा आइज,

७७२. कनिकाको खोले खानु केराको पातमा राखी,

७७३. बुढा पाल्न भन्दा भुरा पाल्न सजिलो हुन्छ,

७७४. औषधि भए बिरालोको काट्टो पनि खानुपर्छ,,

७७५. माछो फत्किएपनि भ्यागुता त हातमा छ,

७७६. भकारी धान भए भोको कोही बस्दैन,

७७७. श्रीमान्को हेला त सबैको हेला,

७७८. दशैको केटा केटी र तिजको नारी एकै हुन्,

७७९. हात्तीको कान अन्धाको नाङ्लो,

७८०. घरमा छैन कोदोको खोले फुर्ति लाउँछ गोरसको,

७८१. सुन नलुकाउने सुनार र लुगा नचोर्ने दमै हुँदैन,

७८२. पहिले लात्, पछि बात्,

७८३. पहिले बिग्रयो बुद्धि पछुताए पछि आयो सुद्धि,

७८४. आफ्नो दुख मेट्न अर्काको दुख हेर्नुपर्छ,

७८५. मंसिरमा माग्नेले पनि भातै खान्छ,

७८६. बोल्यो कि पोल्यो,

७८७. पराईको छोरी घरमा छिरायो, कलङ्क रोप्यो,

७८८. सबै कुराले सम्पन्न भएपछि पिना चाट्छ,

७८९. पेट अघाउने भात मुख अगाउने सुपारी,

७९०. छोरा मऱ्यो केरा पाक्यो,

७९१. खेती गर्ने बेला बुहारी घर आइज, खेती खाने बेला बहारी माइत जा,

७९२. केटाकेटीको संगत गरे केटाकेटी जस्तै भइन्छ,

७९३. खुर्सानी लगाउनु पिलोमा बाच्छा दाउनु हिलोमा,

७९४. कुखरी आफै फुल पार्छ, आफै तर्सन्छ,

७९५. निरोगी हुन दिन लाग्नु पर्छ, छोरो पाको हुन रिन लाग्नु पर्छ,

७९६. मुखले हाम्रा खान दिन चाम्रा,

७९७. माउ दुब्लो भएपनि बाच्छाले दूध खान छाड्दैन,

७९८. बन्चरोको काम कैचीले गर्दा समस्या मात्र हुन्छ,

७९९. केटाकेटीलाई काम लगाउनु काम माथि काम थप्नु,

८००. कुरा नबुझी बोल्यो आफैलाई पोल्यो,

८०१. गाँस काटेर कुकुर पाल्यो आफैलाई टोक्ने,

८०२. चराको धोती र छेपारोको मोति मुर्खले मात्र खोज्छ,

८०३. फुल कोरल्ने पोथीले चल्ला निकाल्छ,

८०४. कुखुरा चोरले हात्ती चोऱ्यो आत्तिएर मऱ्यो,

८०५. ज्यानले पुच्छर हल्लाउनु पर्ने, पुच्छरले ज्यान हल्लायो,

८०६. फन्को जत्रो भएपनि रोटी नै हो,

८०७. चपाए निलौला, बोके हिडौला,

८०८. पैसा न सैसा झिक्छ बैशा,

८०९. सिकाएको गीत कतिन्जेल गाउने,

८१०. बुढो गोरुलाई घाँस खान सिकाउनु पर्छ,

८११. घरभरी बिरालो मुसा नमारी,

८१२. जति देउराली उती पाती,

८१३. अड्कलेको मानो कतिञ्जेल खानु,

८१४. हात गोडा चल्दैन, मझेरीमा फल्दैन,

८१५. दुर्जन पलायो, घरमा दशा,

८१६. जत्रो भकारी उति धान, जति ससुराली उति मान,

८१७. बूढो गोरुको पिर हलोले जान्दैन,

८१८. भूइँको सिता टिप्नेले थालको छोड्दैन,

८१९. बारी छ भन्दैमा अन्न घरमा पस्न आउदैन,

८२०. सबैको दुख गाउने गाइनेलाई सारङ्गीको दुख थाहा हुँदैन,

८२१. जता कमायो उता रमायो,

८२२. गोरुको सिङ्गार गाई माइतीको सिङ्गार दाजुभाइ,

८२३. रत्नको कदर जौहरीले गर्छ,

८२४. रुख अनुसारको छाया नाता अनुसारको माया,

८२५. पश्चतापले जलेको मुढो पलाउँदैन,

८२६. टुकी निभाएपनि टुप्पोको कालो बसिरहन्छ,

८२७. अपराध गरेपछि सिंह पनि मुसो हुन्छ,

८२८. लास छोपिए पनि पाप छोपिन्न,

८२९. मिल्ने बेलामा रिस नगर्नु, खाने बलामा गफ नगर्नु,

८३०. चोखो भात र बूढो मान्छे जुनसुकै बेला काम लाग्छ,

८३१. खाने गाँस खोसियो बाच्ने आश सकियो,

८३२. गरिबको शत्रु भोक,

८३३. हुँदा खिरै खिर, नहुँदा पिरैपिर,

८३४. सौताको छोरी मऱ्यो, आफ्नो छोरो बाबु,

८३५. कि टाठो बाठो कि ठूलोपाटो, कि लामो बाटो,

८३६. खानु पिउनु कुखुराको चारो, कमाउनलाई ज्यानलाई गाह्रो,

८३७. घरको आगो ननिभाई बनको आगो निभाउन सकिन्न,

८३८. जो माउ उहि बाटो बिराउ,

८३९. घाम डुब्यो बिस्कुन सुक्यो,

८४०. दुलो खन्ने मुसो बास बस्ने सर्प,

८४१. सासुको आँखामा आँसु बुहारीलाई छुट्यो हाँसो,

८४२. भात साह्रो भयो बूढी मकै भुट भुट,

८४३. म खान्छु माछालाई माछो खान्छ मलाई,

८४४. खेल खेल्न चाहनेले हार पनि स्विकार्नुपर्छ,

८४५. मनमा बादल लागे मनमा नै वर्षा हुन्छ,

८४६. खायो पियो बिर्सियो अहिले भोक लाग्यो के दियो,

८४७. हिउँ परेको ठाउँमा बरफको व्यापार,

८४८. मति बिग्रियो भने बूढो पनि तन्नेरी हुन्छ,

८४९. केटा केटीको सल्लाह बालुवाको घर,

८५०. आफू खोले खाने कुकुरलाई दूध भात,

८५१. पसिना बगाएर पसिना फल्यो अल्छी डाहले जल्यो,

८५२. सन्तोषीको सुख साथी, असन्तोषीको दुख साथी,

८५३. चोरको घरमा सिपाईको बास, किन हुन्थ्यो बाँच्ने आश,

८५४. मान्छे भन्दा फड्का लामा,

८५५. अरुको महल गाईगोठ, आफ्नो झुपडी राजदरबार,

८५६. बरु बिष्ट खानु, इष्ट कहिल्यै नतोड्नु,

८५७. चरो बस्यो भिरमा सिकारी पऱ्यो पिरमा,

८५८. जति भाले बास्यो, उति बिहान हुँदैन,

८५९. घिउ खाने मुख सधै चिल्लो,

८६०. मान्छे प्यारो गुनले, आकाश प्यारो जुनले,

८६१. खोला बढ्यो माछोलाई हर्ष,

८६२. सुपुत्रले धन ल्याउँछ, कुपुत्रले अवगाल ल्याउँछ,

८६३. गाई न गोरु गोठाले जोडुँ,

८६४. खरको छानो नपाउनेलाई महलको इच्छा,

८६५. खानु भने खिर मनमा भने पिरै पिर,

८६६. जुवाडेको कमाई कतिन्जेल रमाई,

८६७. दियो न बत्ति उज्यालोको लोभ अत्ति,

८६८. सोझो काठको बाङ्गो हलो बन्छ, तर, बाङ्गो काठको हरिस कहिल्यै हुँदैन,

८६९. शीत चाटेर प्यास कहिल्यै मेटिदैन,

८७०. दुखीलाई गास प्यारो, बटुवालाई बास प्यारो,

८७१. खाने बेला किन अबेला काम भने को गर्देला,

८७२. मन चङ्गा त संसारै गंगा,

८७३. मान्छे भने ठिटा ज्यान भने सिठ्ठा

८७४. बाबु मरे पनि दूध केरा खान दे,

८७५. बाबु परे शोकमा छोरा छोरी परे भोकमा,

८७६. खिर त पका, दूध घिउ नराख है,

८७७. ठूला बडाको जेल केटा केटीको खेल,

८७८. मानमर्यदा छोडिदेऊ आफ्नो स्वार्थ भरिदेउ,

८७९. हिलोमा पौडी खेल्ने हिलो लाग्दा रिसाउने,

८८०. जुधे पछि सिङ भाचिएपनि सहनुपर्छ,

८८१. दिनमा काम पनि छैन, गोजीमा दाम पनि छैन,

८८२. जुङ्गा उम्रदैमा मर्द हुन सकिदैन,

८८३. हातमा पुस्तक बोकेर अर्ति बाङ्दैमा स्वामी बन्न सकिन्न,

८८४. जति बोके मात्तियो उति काल छोटियो,

८८५. बच्चा राम्रो तोते बोलीको खाना मिठो मागेको झोलीको,

८८६. भातको इज्जत ढिडोले धान्न सकिन्न,

८८७. कुखुरोको गोठाले स्याल झगडाको बिउ ख्याल,

८८८. आफ्नो परिवार मिलाउन नसक्ने, समाजको अगुवा बन्ने,

८८९. भित्र मोही खाने बाहिर दूधले हात धुने,

८९०. श्रीमती नहुनेले दश वटा सन्तानको रहर गर्ने,

८९१. निर्धो भए जारलाई पनि पाल्नुपर्छ,

८९२. केरा रोपेर आँप खान पाइन्न,

८९३. अन्धोको देशमा लङ्गडाको रजाई,

८९४. छोरीको आमा एक फेर रुन्छ, छोराको आमा सधै रुन्छ,

## अध्याय : चौथो

## धादिङ प्रचलित उखानको विश्लेषण

### ४.१ धादिङमा प्रचलित उखानमा समाज र संस्कृतिको चित्रण

उखान मानवीय जीवन व्यवहारबाट खारिएर निस्केका सारगर्भित भाषिक अभिव्यक्ति हुन् । त्यस्ता उखान भाषाका अमूल्य सम्पति हुन् । उखानले भाषिक अभिव्यक्तिलाई लाक्षणिक बनाउँछ । साथै दृष्टान्तका रूपमा लोकजीवनमा प्रयोग हुन्छन् । ती सुत्रबद्ध ज्ञानका कथन हरेक नेपालीका जनजिब्रोमा झुन्डिएर रहेका भेटिन्छन् । उखानमा सङ्घर्षमय मानव जीवनका घट्ना व्यवहार, कमी, कमजोरी व्यक्त भएको भेटिन्छ । त्यस्तो उखानले मानव सभ्यताको सिङ्गो इतिहासलाई छोटो मिठो, र चुट्किलो रूपमा पोखिदिन्छ । तिनै लोकजीवनको सारगर्भित कथनलाई उखान भनिन्छ । जसमा जीवनको अनुभव सञ्चित भएको हुन्छ । त्यस्ता उखानहरू लोकजीवनमा लोकप्रिय हुन्छ । र वर्षौंसम्म जनजिब्रोमा प्रचलित भइरन्छ ।

उखानमा कुनै पनि समाजको साामजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक कृषि, व्यवसाय राजनीति, पेशा आदि विभिन्न पक्षको चित्रण हुन्छ । उखान भाषाको मौलिक सम्पति पनि हुन् । तिनमा समाजको छाँया भेटिन्छ । नेपाली भाषा उखानमा निकै सम्पन्न छ । त्यस्तै नेपाली भाषाका क्षेत्रीय एवम् स्थानीय विशेषता रहेका उखानहरू प्रशस्त छन् । त्यस्ता उखानले स्थानीयस्तरका जीवनशैलीको यर्थाथ चित्रण पस्केको हुन्छ । साथै सामाजिक सांस्कृतिक आर्थिक मूल्य मान्यतालाई कुनै न कुनै रूपमा प्रकट गरेको हुन्छ । बूढापाका व्यक्तिहरूको अनुभव सिद्ध उक्ति लाक्षणिक अर्थ र व्यञ्जनाको भई लोकजीवनमा प्रचलित हुन पुग्छन् । त्यस्ता कथनको भाषिक व्यवहारमा भाषालाई प्रभावकारी ओजस्वी, बनाउँदै कथनलाई तीक्ष्णता प्रदान गर्छ । कुनै पनि भाषिक समूदायका वक्ताहरूले आफ्नो कथनलाई जीवन्तता दिन अनुभवसिद्ध रूपमा कथिएका लघु उद्गारको प्रयोग गर्छन् । किनभने त्यस्ता वैशिष्ट्यले भाषिक कथनलाई प्रभावकारी बनाउन सहयोग गर्छ । लोकजीवनले सङ्गालेका तीता मीठा ज्ञानका सारपूर्ण परिस्कृत उक्तिको रूपमा उखान आउछ । यसले गर्दा लोकोक्तिको रूपमा उखानले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

उखानमा सामाजिक जीवनका सुख दुःख आँसु-हासो जस्ता कुरा झल्केका हुन्छन् । नेपाली उखानमा नेपाली जातिको सामाजिक व्यवहारिक रूप जुन ढङ्गबाट खारिएर सुत्रबद्ध भई निस्केका हुनछन् । त्यसैगरि क्षेत्र तथा स्थान विशेषको उखानमा पनि त्यही रूप कुनै न कुनै

ढङ्गबाट व्यक्त भएको हुन्छ । स्थानीय परिवेशलाई जोड दिँदा धादिङको परिवेशमा चलनचल्तीमा आएका उखानको पनि समाजको जीवनशैली रहनसहन रीतिरिवाज, जाति, धर्म, पेशा, आस्था, इतिहास घट्ना, समूदायको चिन्तन, धारणा, विचार, मानवीय स्वाभाव, व्यक्ति वर्ग, तिनका मानवसिद्ध क्रियाकलाप इच्छा आकाङ्क्षा र व्यवहार जस्ता विविध पक्षको ययार्थ चित्र उतारेको पाइन्छ । उखानका माध्यमबाट कुनैपनि समाजको सामाजिक सांस्कृतिक जीवनशैलीको अध्ययन गर्न सजिलो हुन्छ । यसै सन्दर्भमा धादिङको लोकव्यवहारमा यथार्थ चित्र झल्काउने उखानहरूको अध्ययन यसमा गरिएको छ ।

धादिङमा प्रचलित उखान र समाजबिम्ब नेपाली उखानले नेपाली सामाजिक जीवनका दैनिक क्रियाकलाप विभिन्न राम्रा नराम्रा अनुभवका कुरालाई व्यक्त गरेको हुन्छ । त्यसै गरी धादिङको माटोमा जति उखानहरू छरिएका छन् । घरपरिवार, समाज, बालक, वृद्ध, युवाहरू सबैले सचेत असचेत रूपबाट समाजका यथार्थ विम्बलाई खिचिरहेको हुन्छ । रहनसहन, सुखदुःख, दैनिक लोकव्यवहार त छँदैछ । त्यसभन्दा बाहेक राजनीति, परिवार, समाज, अर्थ, न्याय, पेशा, एवम् अन्य विविध उखानले धादिङको आफ्नै मौलिक अस्तित्व पनि सिर्जना गरेको छ । वास्तविक जीवनको वास्तविक तस्वीर उखान भएकै कारण उखानले जे बोल्छ सत्य बोल्छ । त्यसै भित्र हाम्रा समाजका राजनैतिक छवि पनि उखानले ओकल्छ । धादिङको भूमिबाट उम्रिएका उखानले पनि राजनीतिलाई मुख्य क्षेत्र बनाएर राम्रा नराम्रा पक्षको सही रूप देखाएको छ । उखान नै एउटा चोटिलो र लघु साहित्य हो । धादिङको माटोबाट धेरै साहित्य जन्मिएको अवस्थामा उखान यो भूमिमा अछुत रहन सक्दैन । यहाँका जनजीवन एवम् जनसमूदायमा समय र सन्दर्भ अनुसार कुराकानीको प्रसङ्गमा राजनीतिसंग जोडिएर पनि उखानहरू जन्मिएको देख्न सकिन्छ । राजनीतिमा क्षण हान्ने उखानले राजनीति भित्रका राम्रा नराम्रा दुवै पक्षलाई विश्लेषण चर्चा परिचर्चा गरेको छ । यहाँको उखानले समाजबिम्ब उतार्ने क्रममा धादिङको सामाजिक वातावरणभित्र अटाएका राजनीति, परिवार, समाज गतिविधि, अर्को न्याय पेशा व्यवसाय एवम् अन्य विविध किसिमका उखानहरूको जन्म गराएको छ । आफ्नो मौलिकतामा हुँकँदै स्थानीय परिवेशलाई जीवन्त दिदै जन्मिएका यस्ता समाजपरक उखान साँचो अर्थमा समाजको नै वास्तविक दर्पण हो भन्न सकिन्छ । धादिङको जीवनशैली र लोकव्यवहारमा सामाजिक चरित्र एवम् वास्तविकतालाई झल्काउन यहाँका स्थानीय वासिन्दा हरूले प्रयोग गर्ने समाजपरक उखानहरूलाई विभिन्न आधारमा वर्गीकृत गरेर अध्ययन गर्न सकिन्छ ।

४.२ राजनीतिपरक उखान

देश, काल र परिस्थिति जुन बाटोमा यात्रा गरिरहेको छ त्यही आधारमा राजनैतिक मार्गनिर्देशन भइरहेको हुन्छ । राजनीति भित्रका राम्रा नराम्रा पक्षलाई चुट्किला, छरितो र शिष्ट तथा चोटिलो रूपमा व्यक्त गर्ने उखानहरू राजनीतिपरक उखान हुन् । धादिङको भूमिमा पनि जति उखान लोकव्यवहारमा प्रचलित छन् । ती उखानहरूमध्ये राजनीतिको धरातलबाट नियाल्दा राजनीतिका कटुयथार्थहरू बोल्ने उखानपनि बग्रेल्ती भेट्न सकिन्छ । उखानको धर्म भनूँ या कर्तव्य देखेको कुरालाई पाठक वा श्रोताको ग्रहण क्षमतासम्म घतलाग्दो तवरबाट निकाल्न सक्नु नै यसको विशिष्ट पक्ष हो । राजनैतिक भूमिमा हुर्किएका उखानहरू हेर्दै जादा हाम्रा राजनेताका चारित्रिक गुण अवगुण समेतलाई छताछुल्ल पारेको छ । “कुर्सीको नेता शरीरमा टासिएको जुका” भनेर समाजका सामान्य व्यक्तिले पनि नेताको पदमोह एवम् लालसा बुझेको देखिन्छ । रगत चुस्न टासिएको जुका शरीरबाट छुटाउन गाह्रो भए जस्तै एकपटक कुर्सीमा पुगेका नेता पनि त्यहाँको सुख र शक्तिबाट अलग हुन चाहन्न । राजनीतिमा यस्ता चरित्रको चर्चा परिचर्चाले धादिङका ग्रामीण भेगमा पनि राजनैतिक नेताप्रति विश्वास र आशा गुम्दै गएको छ । यस्ता राजनीतिसँग निकटतम रहेर प्रासङ्गिक रूपमा प्रयोग हुने अन्य केही उखानहरूलाई तल नमूना स्वरूप प्रस्तुत गरिएको छ । जसले धादिङको उखानमा भाषिक रूपमा कुनै अन्तर नदेखिए पनि केही मात्रामा स्थानीय जनजीव्रोको उच्चारण झल्काएको छ :

- आजकालका नेता भन्दा चम्चा बाठा,
- राजनीति कुरा नजान्ने स्वतन्त्र दल,
- जनताको आखा नेता माथि नेताको आखा कुर्सीमाथि,
- जसको बोलीचेपारे उसैको बानी छेपारे,
- अरुले तपाईं भनोस् नभनोस् आफैं मपाई,
- सोझो औलालाई बाङ्गो औलाले अल्झाउछ,
- देश खाएर शेष भएपनि भेष बदलिएन,
- शासकलाई दसा लागे जनता माथि शोषण गर्दछ,
- एउटा तालमा पौडिएको सुहाउँछ । दशवटा तालमा पौडिएको सुहाउँदैन,
- जुधेपछि सिङ भाचिए पनि सहनुपर्छ,
- आफ्नो परिवार मिलाउन नसक्ने समाजको अगुवा बन्ने,

यी उखानहरू धादिङको जनता र बासिन्दा माझमा प्रचलनमा रहेका छन् । शिक्षित अशिक्षित वर्गले प्रयोग गर्ने उखान भएपनि यसको मर्म भने कुनै कुनै रूपमा राजनीति कर्मीसँग जोडिन पुगेको हो । आजको समयमा राजनीतिमा पारङ्गत नभएपनि र भएपनि

आफूलाई दल र पार्टी भित्रको बुज्रुक ठान्ने नेताहरूभन्दा अझ उसका चम्चाहरू बाठा भएका छन् । भन्ने आशय उखानमा झल्किरहेको छ जो आफ्नो नेताको पछाडि लागेका बेला मौका अनुसार आफ्नो स्वार्थ पूरा गर्न पछाडि पर्दैन वास्तवमा त्यस्ता कार्यकर्ताले नेतालाई आवश्यकता अनुसार घुमाइरहेको हुन्छ त्यस्ता चरित्रकोरूप प्रकट गराउन धादिङका लोक व्यवहारमा नेता भन्दा चम्चा बाठा भनेर उखान जन्मिएको छ । जुन दल वा व्यक्त राजनीतिमा खासै प्रभाव देखाउन सक्दैन उनीहरू आफ्नो स्वतन्त्र पार्टी खडा गरेर बसेको देखेपछि त्यसलाई पनि व्यङ्ग्य गर्दै राजनीतिका कुरा गर्न नजान्ने स्वतन्त्रदल भन्ने गरेको पाइन्छ । यसले पनि कँहीकँही राजनीतिलाई व्यङ्ग्य गरेर हाम्रा राजनीति भित्रका कमजोर पक्षको उद्घाटन गरेको छ । जनताले जतिसुकै नेतामा भरोसा राखेपनि नेता चाहिँ अवसर पाउने वित्तिकै जनताभन्दा पदको लालसामा लाग्ने प्रवृत्ति छ यस्तो प्रवृत्तिलाई हेरेर पनि उखान जन्मिएको छ । यसरी जनताका आखा नेतामाथि नेताको आखा कुर्सी माथि भनेर भनिएको हो । उखान भनेको नै समाजका यर्थाथ भित्रका बिम्ब भएकोले उखानले जे बोल्छ त्यो समाजमा भोगाइ र अनुभवबाट खारिएर निस्किएको साहित्य मानिन्छ । साहित्यको चुट्किलो तर सशक्त माध्यम उखान राजनीतिको पनि दृष्य बनेर सत्यता ओकल्नु आफ्नै धर्म निर्वाह गर्नु हो बोली वचनबाट जनतालाई लोभ्याउने विकासका आशामा भुल्याउने अनि स्वार्थ पूरा हुनासाथ जनतामा शोषण गर्दै छेपारो जस्तै एकसुरमा हिड्ने नेतालाई पनि उखानबाट झटारो हानिरहेको छ । चेपारे वोलिबचनले दुनो सोझ्याएर छेपारो जस्तो रूप फेर्न सक्ने यहाँका नेता र राजनीतिका भ्रष्टसँग सतर्क हुन उखानले बोलेको छ । आफ्नो गुणबखान आफै गर्दै आफूलाई सर्बोत्कृष्ट, समाजसेवी, राजनेताको बोली बोल्ने नेताहरू आफै सम्मानको ढ्वाङ फुक्दै हिँड्दछन् । त्यस्तालाई मध्यनजर गरेर अरुले तपाई भनोस् नभनोस् आफै म पाईको संज्ञा दिने गर्दछन् । धादिङका स्थानीय बासिन्दाहरू सोझो औलाले बाङ्गो औलालाई अल्झाउछ भन्ने उखान पनि उत्तिकै प्रासङ्गिक रूपमा व्यवहारिक हुन पुगेको छ किनभने एउटा इमान्दार, कर्तव्य निष्ट राजनीतिकर्मी छ भने उसको समाजसेवामा नै भाजो पुऱ्याउने अन्य नेता पनि हुन्छन् । राजनीतिको दौराहामा जहाँ, जहाँ पुगेपनि पुरानै शैली साधरण जीवनलाई अपानाउने नेताको लागि देश खाएर शेष भए पनि भेष बदलिएन भनेर भन्दछन् । देशको शासन भार सञ्चालन गर्ने शासकले शक्तिको दुरूपयोग गरेर जनतालाई अन्याय शोषण गर्न थाल्छ भने त्यो बेला जनताले सरकारको विरुद्धमा कडा सङ्घर्ष र क्रान्ति गर्न थाल्छ । यसै आशयलाई व्यक्त गर्ने गरी "शासकलाई दश लागे जनता माथि शोषण गर्न थाल्दछन् ।" भन्ने उखान पनि प्रचलनमा

रहेको छ । त्यस्तै एउटै नेताले घरीघरी विभिन्न दलमा आवद्ध हुँदै राजनीति गर्नु पनि उसको चरित्रहीन प्रवृत्ति हो । त्यसैले “एउटै तालमा पौडिएको सुहाउँछ दशवटा तालमा पौडिएको सुहाउँदैन” भनेर पनि भन्दछन् । परिवार नै मिलाउन नसक्नेले देश कसरी मिलाउछ भन्दै नेतामा हुनुपर्ने क्षमतामाथि पनि प्रश्न गर्ने उखानहरू प्रयोग गरिएको पाइन्छ । यसरी राजनीतिसँग निकट उखानहरू प्रचलनमा रहेको धादिङको सेरोफेरोमा पाइन्छ ।

## ४.३ पारिवारिक चित्रण

उखानहरू स्थानीय तहमा सिर्जिएर पनि लोकप्रिय बन्दै क्षेत्रीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहसम्म लोकप्रिय हुन सक्छन् । स्थानीय तहका कुनै उखान भने कालान्तरमा लोप हुन पनि पुग्छन् । निश्चित भू-भागको स्थान सर्न्दभमा केन्द्रित स्थानीय उखानको पृष्ठभूमि स्थानीय जीवनशैली र पारिवारिक वातावरण नै हुन् । सिमित वातावरणमा अटाउने यस्ता उखानले समाजको चित्र उतार्ने क्रममा घरपरिवार भित्रका दिनचर्या, व्यवहार आदिलाई पनि प्रस्तुत गर्दछ । पारिवारिक गतिविधि भित्रपनि आफ्नै नियम प्रणाली हुन्छन् त्यस्ता सामाजिक संरचना भित्र पारिवारिक पृष्ठभूमिमा हुर्किएका र पारिवारिक क्रियाकलाप झल्काउने उखानलाई उदाहरण स्वरूप केही यहाँ प्रस्तुत गरिएको छ ।

- ईखले खाएको छोरालाई विषले पनि छुँदैन ।
- एउटाले गर्‍यो फुर्मास अर्कोको भयो सर्वनाश
- मेहेनेतिले खिर खान्छ, अल्छीले दिन गन्छ,
- मूलको पानीले खेत रोप्नू, कूलको छोरी बिहे गर्नू,
- दाइ भाउजू पोइला गई, बेस भो भाई दाईको जन्ती जालास्,
- छोराको कमाई बुहारीले समाई,
- आमाको कुरा मामासँग,
- घरको सल्लाह नगर्नु हल्ला,
- जस्तो बाउ उस्तै छोरा,
- सेल पाक्यो बूढी, तेल पेल्यौ बूढा,
- छोरा त जन्मियो तर अन्धो,
- बूढा पाल्नु भन्दा भूरा पाल्न सजिलो हुन्छ,

यी माथि प्रयुक्त उखानहरू प्रतिनिध उखान मात्र हुन् । धादिङको स्थानीय परिवेशमा उखानको प्रयोग गर्दा यस्ता उखानले पनि महत्वपूर्ण स्थान प्राप्त गरेको छ । पारिवारिक सर्न्दभमा यस प्रकारका उखानले स्थान कायम गरेको छ । छोरा भनेको ईखले भरिएको हुन्छ ।

त्यस्तोले मात्र केही उन्नति गर्न सक्छ । परिवारमा सबैको समान मेहनत परिश्रम रह्यो भने पारिवारिक वातावरण सुखमय हुन्छ । परिवार चलाउन खासै समस्या आइपर्दैन तर एउटाको परिश्रममा अर्कोले खर्चमात्र गर्न थाल्यो भने पक्कै परिवारमा अभाव अप्ठ्यारा आइपर्छन् यस्ता विषयमा पनि बुढापाका वर्गले उखान हाल्ने गर्दछन् । "मेहनेत गर्नेले सधै खिर खाने र जो अल्छी छ उसले सधै अरुको प्रगति हेर्दै दिन गनेर बस्ने काम गर्छ ।" यसैमा आधारित भएर हेर्दा साच्चै परिवार सम्पन्न र असल बनाउन कूलको छोरी नै बिहे गर्नुपर्छ जसले असल संस्कार विकास गर्न सक्छ । जसरी मूलको पानीले खेत रोप्दा त्यो खेत सधै सिञ्चित भइरहन सक्छ । "घरको सल्लाह नगर्नु हल्ला" भन्दछन् । शिक्षित वर्गले पनि किनकि घरको प्रगतिको सल्लाह बाहिर प्रकट गर्नाले त्यसले अन्य विध्न सिर्जना गर्न सक्छ भन्ने आशय यसले बोकेको छ । यस्ता विभिन्न पारिवारिक सन्र्दभमा प्रयोग हुने उखानहरू धादिङको स्थानीय लवजमा प्रशस्त पाउन सकिन्छ ।

## ४.४ समाज सन्र्दभ

उखानको बिज भूमि नै समाज हो । समाजको आपसी व्यवहार भोगाई तथा अनुभवबाट नै विचारले पूर्ण भएर उखानहरू जन्मन्छन् । धादिङको ग्रामीण समाजमा आफ्नै सामाजिक प्रसङ्गमा प्रयोग हुने उखानहरू प्रशस्त प्रयोगशील छन् । समाजको राम्रो, नराम्रो साधारण विशिष्ट प्रकृतिका यस्ता उखानले साच्चै नै त्यहाँको व्यक्ति मानसिकता देखाएको छ । "भित्र मोही खाने बाहिर दूधले हात धुने" "जुधेपछि सिङ भाचिए पनि सहनुपर्छ ।" "श्रीमती नहुनेले दश वटा सन्तानको रहर गर्ने" "गास काटेर कुकुर पाल्यो अर्कालाई टोक्ने" "सबै कुराले सम्पन्न भएपछि पिना चाट्न थाल्छ ।" खुकुरीले काटेपछि सियो घोच्छ के डर, बाबुको बिहेमा छोराको लोकन्ती, यस्ता विभिन्न उखानहरू धादिङको स्थानीय समाजमा सन्र्दभ र अवसर अनुसार प्रयोग हुन्छन् । समाजको भिन्न भिन्न स्वरूप यी उखानमा अटाएका छन् । समाजका व्यक्ति चरित्रमा हुने गुण अवगुण तथा समाजको चालचलन, संस्कार झल्कने गरी सामाजिक सन्र्दभका उखान प्रयोमा छन् । मेलापत, घाँस दाउरा, देखि पानीपधेरो र शिक्षण संस्थाहरूमा समेत प्रयोग हुने यी समाज सन्र्दभका उखानले धादिङको जीवनशैली भित्रको सामाजिक सन्र्दभ ओकलेकै छ । कसैलाई पनि आफ्नो समाजको दर्पण बनेको उखान भुल्न मन हुन्न । त्यसैले गाउँबस्ती र टोल टोलमा व्यक्ति-व्यक्तिले प्रयोग गर्ने समाजको केही उदाहरणीय उखान मात्र यहाँ प्रस्तुत गरिएको हो । यस्ता अनगिन्ति उखान त्यो भूमिमा पाइन्छ । केबल ती सबै

उखानले समाजलाई नै जोड दिएको पाइन्छ । यस्ता उखानलाई नै समाज चित्रण गर्ने उखानको रूपमा प्रयोग भएको भन्न सकिन्छ ।

## ४.५ संस्कृतिपरक उखान

उखानहरू लोकमानसका चिन्तनपरक अभिव्यक्ति हुन् । उखानमा लोक परम्परा धर्म र संस्कृतिकको अमिट छाप परेको हुन्छ । संस्कृतिपरक उखानले सम्बन्धित राष्ट्र तथा सम्बन्धित क्षेत्रको धर्म संस्कृति, ठाउँ अवस्था र जातिको पहिचान गराइसकेको हुन्छन् । धर्म संस्कृति जाति, ठाउँ, आदिको यर्थाथ अभिव्यक्ति उखानमा भएको हुन्छ । प्राचिन कला, पुरातत्व, संस्कृति, सभ्यता, इतिहास, परम्परा, रीतिस्थिति मान्यता चाडपर्व र स्थानीय समाजको ज्ञान गराउने लोकविधाको रूपमा उखानलाई लिइन्छ । यिनले प्राचिन परम्पराका विविध पक्षको विषयमा सूचना दिन्छ । यस किसिमका उखानहरू संसारका प्राय : सबै भाषाभाषी समुदायमा प्रचलित भएका भेटिन्छन् । तिनले जातीय विशेषता संस्कृतिको पहिचान गराउँदछन् । त्यस्तै सन्र्दभमा धादिङको स्थानीय लवजहरूमा पनि संस्कृतिको झलक बोकेका उखानहरू सान्र्दभिक परिवेशमा प्रयुक्त भएको भेटिन्छ ।

लोकजीवनको परम्परा, धर्म, संस्कृति, नीति रीतिस्थिति अवस्था, मान्यता जस्ता विषयवस्तुहरू धादिङको भूमिमा मौखिक परम्परामा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएको देखिन्छ । प्रत्येक उखानले कुनै-कुनै लोक अनुभवलाई बहन गरेको सन्र्दभमा संस्कृतिपरक उखानले संस्कृतिभित्रका धर्म संस्कारलाई बोकेर धादिङको पर्व, धर्म, सन्र्दभ, प्रकट गरेको पाइन्छ । स्थानीय बृद्धहरूमा प्रयोगमा रहेको “धर्मकर्म खोलामा, चामल पैसा झोलामा” भन्ने उखानले केवल धार्मिक व्यक्तिसमेत धर्मको नाममा अरुलाई ठगेर आफ्नो स्वार्थ पूरा गर्नमात्र लागेको सन्र्दभलाई बुझाउछ । “पाप फैलियो पुण्य ओइलियो” भन्दै वर्तमान सन्र्दभमा सबै पुण्य भन्ने विनाश हुँदै गएको र पापकर्ममा मान्छे हौसिएर अगाडि बढ्न थालेको परिप्रेक्ष बताउछ । “रामलाई मारी सितालाई पूजा” भनेर धर्मको सन्र्दभलाई

जोड्न खोजेको पाइन्छ । भने आरु फूल्दा घर पैयु फूल्दा माइतभनेर नीतिका उखानलाई पनि प्रयोग गरेको भेटिन्छ । “जो कालो उही भगवान्को सालो” देव पितृ, इष्टमित्र, चार धाम घुमियो तीर्थ कहा जाने ? बाहेश्वरीको डाँडामा महादेवको जल कसले पुर्‍याउँछ, धामीको टुनामुना बिरामीको औकात अनुसार, सिदा उठाउन नपरे श्राद्ध गर्न धेरै सजिलो, लोभ हुर्कियो पाप जन्मियो, साधु चढ्यो सुली चोर हिड्छ डुलि, पहिले विगार्ने वुद्धि पछुताएर आयो सुद्धि

भन्ने जस्ता उखान सबै व्यवहारमा पाइन्छ । ती सबै धर्म नीति, संस्कारको उपज बनेर सामाजिक बनावटभित्र प्रचलित छन् । पक्का पनिउखानले बोलेको सत्य सावित मान्न सकिन्छ । हाम्रो जीवनको प्रतिक्षाया नै उखान हो भने त्यसमा धर्म संस्कति, सामाजिक मान्यता आस्था, अटाउनु स्वाभाविकै हो । सामाजिक स्वरूपमा धर्मले मान्छेलाई नैतिक पाठ प्रदान गर्छ संस्कारबाट हिजोको वास्तविकतालाई संरक्षण गर्छ । यी सबैकुरा हाम्रो धादिङको उखानमा पनि कहीकही जुनकुनै रूपमा प्रयोग भएकै छ । स्थानीयता भित्रको उखानबाट नै राष्ट्रिय सर्न्दभको उखानहरू धर्म र नीति संस्कारका छविको रूप हो । यो नै यहाँको धार्मिक सांस्कृतिक झलक मान्न सकिन्छ । यस्ता उखान केवल प्रतिनिधि मूलक उखान मात्र हुन् । अनगिन्ति उखानहरू संस्कार सिद्ध भएर प्रचलनमा रहेकै छन् ।

४.६ अर्थपरक उखान :

स्थानीय विशेषता र भाषिक स्वरूप झल्काएका उखान नै स्थानीय उखान हुन् । उखानले सिङ्गो समाजको नै वास्तविक तस्वीर उतार्दछ । धादिङको स्थानीय स्तरमा प्रचलित उखानले त्यहाँको सामाजिक परिवेशलाई व्यक्त गर्दै जाँदा आर्थिक गतिविधि र क्रियाकलाप पनि समेटिएर उखान निर्माण भएको देखिन्छ । समाजको एउटा अभिन्न अङ्ग आर्थिक पाटो पनि हो । त्यसैले अर्थ सर्न्दभलाई विषयवस्तु बनाएर पनि धेरै उखानहरू व्यवहारमा प्रचलनमा रहेका छन् । जस्तै जुवाडेको कमाइ कतिवेर रमाई भनेर रातदिन जुवा खेल्ने व्यक्तिको आर्थिक चित्रण गरिएको भेटिन्छ । जुवा खेलेर कमाएको धन स्थायी हुँदैन । त्यस्तो धन आउने जाने क्रम चलिरहन्छ । भन्ने आशय उक्त उखानले दिन्छ । धन सबैको प्यारो हुन्छ । कसैले पनि रूपैया पैसा छाड्न र माया मार्न सक्दैन । यसलाई नै मिलाएर धादिङको समाजमा धनले शत्रू र मित्र छुट्याउँदैन भनेर उखान कथ्ने गर्दछन् । मित्र नै भएपनि धनमा त्याग गर्न नसकिने आशय यसले दिन्छ । धन धेरै भएपछि मानिस मात्तिने प्रवृत्तिलाई हेरेर धन हुँदा आखा देख्दैन भनेर पनि धनको नै महत्वसाथ चित्रण गरिएको छ । धन हुनेसँग सबै नजिक पर्दछन् । धन नहुनेलाई सबैलाई वेवास्ता गर्दछन् । यसै प्रसङ्गमा धनीलाई सधै मेला गरिबलाई सधै हेला भनेर प्रयोग गर्दछन् । धनले मानिसलाई मान सम्मान तथा घृणा दुबै दिन्छ । भन्ने आशय उखानमा पाउन सकिन्छ । राजा सरकार जतिसुकै गरिव भएपनि उनीहरू अभावमा हुदैन प्रशस्त धन खर्च गर्न सक्छन् । प्रजा भने जति धनि भए नि राजाभन्दा धनी ठूलो हुन सक्दैन भन्ने आशयलाई व्यक्त गर्न पनि उखानको प्रयोग गर्दछन् । राजा गरिब भएको र प्रजा धनी भएको भन्ने उखानले स्थानीयहरूमा राजा र प्रजाको अर्थको तुलना गरेको छ यस्ता प्रकारबाट धादिङको क्षेत्रभित्र

क्षेत्रीय तथा स्थानीय रूपमा प्रयोग भएका उखानले आर्थिक पक्षलाई पनि आफ्नो बोली र उद्गार भित्र समेटेको छ ।

## ४.७ उखानमा पेशा व्यवसायको सर्न्दभ :

उखान सिङ्गो जीवनको बखान हो । उखानले जे उद्घोषण गर्छ त्यो जीवनको यर्थाथ बोल्छ । मानव बस्तीबस्तीमा आ-आफ्नै पेशा व्यवसाय छन् । ती पेशा र व्यवसायसंग जोडिएर पेशाको परिचय दिन व्यवसायिक महत्व बुझाउन पनि उखानको नै प्रयोग गरिएको पाइन्छ । राष्ट्रिय उखानले जे जति पेशा व्यवसायको चित्रण गरेको छ त्यसैगरी धादिङको स्थानीयस्तरमा पनि उखानले आफ्नै स्वरूप र आकारमा सार्न्दभिक ढङ्गबाट पेशा व्यवसायको उल्लेख गरेको छ । खेत बेची हाँडी गाग्रोको व्यापार, जसले खान्छ शहर उसले बान्छ बहर, जोत बाबु हलो यसले गर्छ भलो, मासको खेती त गरियो दाल कसले खाला, कामीको हातमा फलाम पनि प्यूरी, सिकर्मीको काम गरेपनि हलो काट्न नसक्ने, पसिना बगाएर मसिना फल्यो, अल्छी डाहले मऱ्यो । यस्ता विभिन्न खालका उखानहरू जोडिएर प्रायोगिक हुने गर्दछन् । हाम्रा जीवनमा भोगाइसँगै मिल्ने यी पेशामा रहन्छ । त्यसबाट लाभहानी दुवै हुनसक्छ । तर आफ्नो पेशा व्यवसायबाट मानिस बाहिरीन सक्दैन । पेशा व्यवसाय नै मानवको जिउने आधार हो भन्ने कुरा यसबाट थाहा पाउन सकिन्छ ।

## ४.८ अन्य विविध उखान :

लोक जीवनमा प्रचलित मौखिक परम्पराबाट आएका उखानहरू पूर्खाहरूले आफ्ना शाखा सन्तानहरूको लागि छोडेर गएका अमरवाणी हुन् । तिनमा पूर्खाहरूले दैनिक जीवनमा भोगाइका क्रममा पाएका तिता मिठा अनुभवहरूलाई सूत्रको रूपमा कथेका हुन् । उखानहरूले साना नानीदेखि लिएर युवायुवती बूढाबूढी सबैलाई शिक्षा दिने कर्तव्यको बाटो देखाउने काम गरेको छ । यस प्रसङ्गमा धादिङको स्थानीय पर्यावरणमा विविध सर्न्दभ तथा विभिन्न अवसर अनुसारका उखानहरू प्रचलित छन् । त्यस्ता उखानलाई अन्य वर्गमा राखेर अध्ययन गर्ने प्रयास गरिरहेको छ ।

समाजको काम सर्न्दभ तथा अवस्था अनुसार प्रयोग हुने यस्ता उखानहरू प्रशस्त पाउन सकिन्छ । मागे मगन्ते घुमे फिरन्ते भनेर व्यक्तिको काम गराई अनुसारको विशेषता प्रदान गर्ने गरेको भेटिन्छ । रुनु एकान्तमा बसी हाँस्नु माझमा पसि, भन्ने उखानले मान्छेको दुःख बह व्यक्त गर्ने तरिका बताएको छ । एकान्तमा रुनेले मनको बह सबै बगाउन सक्छ भने

माझमा बसेर हाँस्नेले सबैलाई हसाएर खुसी र आनन्द बाड्न सकिने बताएको छ । जसको बुइमा बस्यो उसकै हेला गर्ने प्रवृति प्रति यसले व्यङ्ग्य गरेको छ । जहाँ भ्यागुता उहि सर्प भनेर दुस्मन एकै ठाउँमा भलाई नहुने देखाउन खोजेको छ । ‘मुखमा दात छैन सुपारी टोक्ने रहर’ भन्दै गर्न नसक्ने असक्षम व्यक्तिले ठूलो काम गर्ने आँट गर्नु भन्ने भनेर असाध्यै लोभी प्रवृतिको मानिसको चरित्रलाई बुझाएको छ । ‘गौथलीको मेहनत मानिसलाई शिक्षा’ भन्ने उखानले मानिसलाई गौथली जस्तै मिहनेत गर्न पाठ सिकाएको छ । यस्ता विभिन्न सर्न्दभ र आशयलाई बुझाउन धादिङको भूमिमा बेग्ला बेग्लै उखानहरू प्रयोगमा रहेको अध्ययनबाट प्राप्त निष्कर्षले बुझाउँछ । अन्य किसिमका भनेर चर्चा गर्न सकिने केही उखानलाई अझ उदाहरण स्वरूप केही प्रस्तुत गर्न सकिन्छ :

- निर्धो भए जारलाई पनि पाल्नु पर्छ ।
- खायो पियो बिर्सिगो, अहिले भोक लाग्यो के दियो ।
- बूढो गोरुको पिर हलोले बुझ्दैन ।
- केटाकेटीलाई काम लगाउनु काम माथि काम थप्नु,
- कोक्रामा बसेर महाभारत कथ्ने,
- छोरा जन्माउन खसम नै चाहिन्छ भन्ने छैन ।
- स्वास्नीको कुटाई खाएको मानिस चुरा बज्दा तर्सन्छ,
- गफाडीको कुरा मिठो, श्रीमान्को पूरा मिठो,

यी उखानहरू प्रतिनिधि उखान मात्र हुन् । धादिङमा बेलावखत अनुसार अर्थसर्न्दभमा रहेर यस्ता विविध किसिमका उखानहरू प्रयोग गरिन्छ । यस प्रकारको उखानबाट व्यङ्ग्य नैतिक सन्देश एवम् दैनिक कार्यव्यवहारलाई समेत झल्काउने गर्दछ । स्वतन्त्र रूपमा रहेर प्रयोग हुन पाउँदा यस्ता उखानले मानवलाई कुनै न कुनै रूपमा शिक्षा र चेनता दिएकै हुन्छ ।

यसरी धादिङको भूमिमा प्रयोग हुने जुनसुकै उखान भएपनि त्यसले यहाँको धर्मसंस्कृतिको संवाहक बनेर शिक्षा सन्देश दिएकै छ त्यसबाहेक मानव बस्ती बस्तीको भिन्न भिन्न शैली र ढाँचा पनि देखाएको छ । समाजभित्रको असल खराब कुरा त्यसबाहेक विभिन्न सर्न्दभगत हितको लागि पनि फरक फरक स्वरूपमा उखान प्रयोग हुन्छन् । त्यस्ता उखानलाई नै अन्य शाखामा वा क्षेत्रमा राखेर अध्ययन गर्न सकिन्छ ।

अध्याय : पाँचौं

# उपसंहार

## ५.१ धादिङ जिल्लामा उखानको प्राप्ति

मध्यामाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने वाग्मती अञ्चलका ८ जिल्लामध्ये धादिङ जिल्ला पनि प्राकृतिक सौन्दर्यले भरपूर जिल्ला हो । यस जिल्लको बनोटमा हिमाली प्रदेश, डाँडा पाखा र जंगल एवम् विभिन्न टार र थलीहरू रहेका छन् । यो जिल्ला धार्मिक एतिहासिक, सामाजिक एवम् सांस्कृति दृष्टिकोणले पनि महत्वपूर्ण स्थानका रूपमा रहेको छ । शैक्षिक क्षेत्रलाई नियाल्दा यस जिल्लामा १०७ वटा माध्यमिक विद्यालयहरू, ५७ वटा उच्चमाध्यमिक विद्यालयहरू २० वटा निजी  तथा आवसीय विद्यालयहरू छन् भने । १० वटा स्नातक कलेज र १ वटा स्नातकोत्तर क्याम्पस रहेको छ । धादिङ जिल्ला प्राकृति दृष्टिकोणले पनि सुन्दर र रमणीय जिल्ला मानिन्छ । पृथ्वी राजमार्गको झण्डै १०० कि.मि. बाटोले यसै जिल्लालाई छोएको छ । राजधानीबाट लगभग ८५ कि.मि. उत्तरपूर्वी सिमानामा धादिङ जिल्लाको सदरमुकाम धादिङबेसी अवस्थित छ । यस जिल्लामा हिमाली र पहाडी भेगमा हुने विभिन्न थरिका पशुपन्छी पाइन्छन् । जातीय विविधता रहेको यस जिल्लामा सभ्यता र लोकसंस्कृतिको क्षेत्रमा केही भिन्नता भने पाइन्छ । यही लोकसंस्कृतिको सेरोफरोमा हुर्किएको लोक जीवनमा प्रचलित उखानहरू नै धादिङ जिल्लाका उखानहरू हुन् ।

धादिङ जिल्लाका उखानहरूमा मानवीय जनजीवनका सुख दुःख, लोक व्यहार, धर्म, संस्कार, राजनीति पेशा व्यवसाय आर्थिक शैक्षिक पक्षको झलक पाइन्छ । यी उखानहरू समाजमा व्यक्ति-व्यक्तिमा सामाजिक लोकव्यवहार तथा सन्दर्भ सापेक्षरूपमा प्रयोग हुँदै समाजमा व्यवहारिकता हुँदै आएका छन् । लोकको जीब्रोमा प्रसङ्ग अनुसार उखान असाध्यै चोटिलो रूपमा व्यक्त हुन्छन् । परम्परादेखि आधुनिक युगसम्म सभ्यतासँगै मानव व्यवहारमा उखानले उल्लेखनीय योगदान पुऱ्याएको छ । सामाजिक, सांस्कृतिक, राजनैतिक आर्थिक एवम् विविध घटना प्रसङ्गसँगै र क्रियाकलापसँगै तादात्म्य तथा उक्तिपूर्ण अभिव्यक्तिको निमित्त उखानले भूमिका खेलेको पाइन्छ ।

प्रायः सबै भाषिक समुदाय तथा विभिन्न विद्वानहरूबाट आ-आफ्नै तरिकाले उखानहरू परिभाषित भएका हुन्छन् । नेपाली उखानको उत्पत्तिको आधार ऐतिहासिक एवम् पौराणिक, लोक तथा एवं धार्मिक, सांस्कृतिक मान्यता सामाजिक लोकव्यवहार र प्राज्ञ वचनबाट भएको

देखिन्छ । यस्ता उखानमा संक्षिप्तता, सारगर्भितता, सजीवता, सरलता एवम् लयात्मक रूप विविधता सार्वभौमिकता र सार्वकालिकता जस्ता विशेषता रहेका छन् । यसबाट धादिङका उखानहरू पनि अछुत रहन सकेको छैन । देशकाल र राजनैतिक परिर्वतन सँगै सामाजिक, संस्कृति, आर्थिक, शैक्षिक आदि क्षेत्रमा देखापर्ने परिस्थिति अनुसार उखानको निर्माण हुन्छ । उखान मानवीय जीवनको पुस्तौ पुस्तादेखि अनुभवबाट र खारिएर सुत्रको रूपमा निक्लिएको संक्षिप्त, सारगर्भित, प्रभावशाली उक्ति हो, नयाँ पुस्ताको लागि ज्ञानको भण्डार हो । अभिव्यक्तिलाई प्रभावपूर्ण बताउन सरल, सरस र सजीवता प्रदान गर्ने भाषाको मौलिक सम्पत्ति उखान हो । परम्परादेखि लोकले भोग्दै आएको सुखदुःख चल्दै आएको रीतिथिति र समाजको अन्य वस्तुको यथार्थ स्थिति बुझ्नको निमित्त उखान पूर्ण कदको दर्पण हो । उखान नै नेपालीहरूको जीवन दर्शन हो । आफ्नो परम्परा र संस्कृति जोगाउँदै समाजमा सभ्य र प्रतिम्बित रूपमा आफूलाई स्थापित गर्न सरल एवम् मर्यादित जीवनका लागि सही मार्गदर्शन गर्न धादिङका उखानले व्यक्ति स्वयम्, पारिवारिक जीवन, सामाजिक रीतिथिति, सांस्कृतिक चाडपर्व, आर्थिक अवस्था, धर्मकर्म, लोकविश्वास दर्शन एवम् नित्यकर्म र लोक व्यवहारमा सम्पूर्ण अङ्गप्रत्यङ्गमा व्याप्त बनेर ठूलो भूमिका खेलेको छ । मानिसका कमीकमजोरीहरूलाई जनसमक्ष उदाङ्गगो गराएर सहीमार्गमा लाग्न अभिप्रेरिरत गर्ने हितैसी मित्र पनि भएको हुँदा धादिङको लोकसाहित्यको महत्वपूर्ण अङ्ग बनेर उखान जीवित छ ।

## ५.२ निष्कर्ष :

निष्कर्षमा के भन्न सकिन्छ भने धादिङ जिल्लामा प्रचलित उखानहरूमा त्यहाँको स्थानीय रङ्ग, सामाजिक परिवेश आर्थिक अवस्था धार्मिक विश्वास, शैक्षिक गतिविधि तथा ऐतिहासिक झलक र प्राकृतिक दृश्यावलीको यथार्थ चित्रण पाइन्छ । यहाँका उखानहरूमा विषयगत विविधता, साहित्यिक विशेषता, श्रुतिमाधुर्य, अर्थ गाम्भीर्यता तथा प्रस्तुतिका विविध ढाँचा स्थानीय जनजिवनमा व्याप्त छन् । तिनलाई लोकजीवनले संरक्षण गर्दै सन्दर्भ विशेषता प्रयोग गर्दै आएको छ । यहाँका उखानहरूले सिङ्गै लोकसाहित्यको गरिमा बढाउने काममा आफ्नो क्षेत्रबाट विशिष्ट योगदान पुऱ्याउन सक्छन् ।

प्रस्तुत अध्ययनमा धादिङ जिल्लामा प्रचलित उखानहरूलाई समेट्ने प्रयास गरिएता पनि विशेषतः यहाँको मध्यक्षेत्रमा पर्ने गा.वि.स. प्रमुख स्थान रहेका छ । यहाँका उखानहरूको व्यवस्थित अध्ययन भइ नसकेकोले यस अध्ययनमा कतिपय समस्या नरहेका होइनन् । तापनि

यहाँ विविध उखानको संकलन वर्गीकरण र विश्लेषण गर्ने प्रयास भएको छ । जसले भावि अध्ययनमा आधार सामग्रीको काम गर्न सक्छन् । धादिङ जिल्लामा प्रचलित उखानसँग सम्बन्धित यस उखानले त्यहाँको उखानको क्षमता र बैशिष्यट्यको पहिचान प्रस्तुत गरेको छ । वास्तवमा धादिङको विगत र वर्तमान बुझ्न तथा यस क्षेत्रमा भावी सम्भावनालाई निम्त्याउन र प्रस्तुत अध्ययनले आफ्नै प्रकारको योगदान पुऱ्याएको देखिन्छ । यसबाट ज्ञानका विविध क्षेत्रपनि लाभान्वित हुने तथा धादिङ जिल्लामा लोकसाहित्यको अध्ययन गर्न चाहनेको लागि सैद्धान्तिक टेवा पुऱ्याउने विश्वास गर्न सकिन्छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी लोकनाथ, ***गोरखा जिल्लामा प्रचलित उखान सङ्कलन*** *:* त्रि.वि. शोधपत्र

अर्याल वासुदेव (२०६४) ***अर्थमूलक नेपाली उखान*** *: एन.पि.सि. लिमिटेड*

थापा धर्मराज र हंसपुरे सुवेदी, (२०४१) ***नेपाली लोकसाहित्यको विवेचना****,* काठमाडौँ, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

ढुङ्गाना रामचन्द्र, *उखानको बखान ।*

पराजुली कृष्ण प्रसाद (२०५४) ***नेपाली उखान र गाउँखाने कथा****,* (तेस्रो संस्करण) काठमाडौँ : रत्न पुस्तकभण्डार ।

पौड्याल, शिवप्रसाद (२०६०) ***नेपाली उखानको विषयात्मक अध्ययन*** काठमाडौँ, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान ।

पराजुली, मोतीलाल र गिरी जीवेन्द्रदेव (२०६८) :***नेपाली लोकसाहित्यको रूपरेखा***

पौड्याल, शिवप्रसाद (२०६८) ***नेपाली उखानका रचना***

बन्धु चुडामणि (२०५८) ***नेपाली लोकसाहित्य काठमाडौं*** : एकता बुक्स ।

रिजाल, लोकनाथ, ***धादिङ जिल्लामा प्रचलित लोककथाको सङ्कलन र विश्लेषण*** : त्रिवि. शोधपत्र ।

समशेर पुष्कर (२०५०) ***नेपाली उखान टुक्का कोश*** : साझा प्रकाशन ।